# प्रगति

द्वैमासिक
साहित्य
संकलन

अंक : १६

सम्पादक: नारायणप्रसाद बाँसकोटा

# प्रगति

द्वय मासिक साहित्य संकलन

सम्पादकः
नारायण बाँसकोटा

## कविताङ्क

वर्ष २ अङ्क ४
पूर्णाङ्क १६
वार्षिक मूल्य रू० १२)
यस अङ्कको मूल्य रू० २॥)

प्रकाशकः
प्रगति प्रकाशन,
११।१०४, बागमती पुल टोल,
( ललितपुर ) काठमाडौं,
नेपाल।

## यस अङ्कका लेखकहरु

| | |
|---|---|
| १. अग्निराज श्रेष्ठ | मृत्युपछि : १ |
| २. ओकिउथामा ग्वाइन | मेरो प्रेम : ४ |
| ३. कनकद्वीप ब० आ० | उत्कर्ष : ६ |
| ४. कनकलता नेपाली | उत्कर्ष : ११ |
| ५. कुलमणि देवकोटा | दुइ कविता : १३ |
| ६. कृष्णचन्द्रसिंह | दुइ कविता : १६ |
| ७. कृष्णभक्त श्रेष्ट | तीन कविता : २२ |
| ८. गोपाल दास श्रेष्ट | केही कविताहरू : २६ |
| ९. गोपीमाधव देवकोटा | जुनेली रातमा सुनेको चराको गीत : ३२ |
| १०. चित्तरन्जन नेपाली | एउटा मूर्त्ति : ३४ |
| ११. जगदीश शम्शेर | कुखुरा र चुपी : ३७ |
| १२. टेकबहादुर 'नवीन' | चोइटा : ३९ |
| १३. दानियल खालिङ | केही कविताहरु : ४० |

| | | |
|---|---|---|
| १४. दुर्गाप्रसाद श्रेष्ट 'उपेन्द्र' | मुट्टु | : ५५ |
| १५. द्वारिकाप्रसाद 'श्रेष्ट' | दुइ कविता | : ५६ |
| १६. धर्मराज थापा | कविजी ! कविता लेखिदेऊ | : ६५ |
| १७. नरबहादुर दाहाल | यो तस्वीर | : ६९ |
| १८. 'परिमल' | मादक विश्व | : ७० |
| १९. पोषणप्रसाद पाण्डे | अंगालो | : ७२ |
| २०. मनबहादुर गुरुङ्ग | एउटा प्रश्न | : ७३ |
| २१. माधवलाल कर्माचार्य | खरीको बोट | : ७५ |
| २२. मुकुन्दप्रसाद 'वियोगी' | जोगिनी | : ७७ |
| २३ मोहन कोइराला | सिंहिनी-लालसाको अग्निकुण्ड | : ७९ |
| २४. मोहनहिमांशु थापा | दुइ कविता | : ८२ |
| २५. रामप्रसाद श्रेष्ट | चार मुक्तक | : ८४ |
| २६. राजेन्द्र खतिबड़ा | उनको काखमा | : ८६ |
| २७. लख्खीदेवी 'सेवा' | गुनासो | : ८८ |
| २८. लीलाध्वज थापा | संघर्ष | : ९२ |
| २९. वासुदेव वैद्य 'शशी' | केही कबिताहरू | : ९६ |
| ३०. बिजय मल्ल | केही कबिताहरू | : १०० |
| ३१. बिजयराज शर्मा | नेपाल छोरीको अन्तर्द्वन्द्व | : १०६ |
| ३२. बिश्वनाथ उप्रेती | जीवन | : १०८ |
| ३३. शंकर बहादुर के० सी० | गाइरहेछु म गीत कसको ? | : ११० |
| ३४. शान्ति राणा | चाँद तिमी कसको ? | : १११ |
| ३५. शारद प्रेमी | पन्छीलाई | : ११३ |
| ३६. श्यामदास | केही कबिताहरू | : ११४ |
| ३७. साबित्रीसिंह | सपना तिम्रो बिपना होस् | : १२० |
| ३८. सुन्दर प्रसाद शाह 'दुःखी' | सम्झना | : १२२ |
| ३९. सुरेन्द्र मल्ल | तीन कविता | : १२७ |
| ४०. सम्पादकीय | | : १३१ |

## मृत्युपछि

### अग्निराज श्रेष्ठ

बिश्व समष्टिमा तिमीलाई पाउँदा अविरल माया
बगिरह्यो,
हृत्तन्त्रीको वीणा झन्कार गुन-गुन कानमा
झन्किरह्यो;
पुष्प-पल्लवित, गङ्गा अविराम, समिर झोका
गाइरहे—
डाँडा, खोल्सा, फाँट, मैदान, रम्य-जगमा
मैले तिमीलाई पाइरहें,
माया मार्न नसकी साथ तिमी रहिरह्यौ।
आशावादी बनी असंख्य वस्तु
भस्म बने,
तडागमा जल सुकी प्रेम-दीप
जलिरह्यो;
ढुङ्गा टोकी, माटो चपाई, हाम्रो क्रीडा
चलिरह्यो;
आन्तरिक प्रेरणामा सत्य वस्तुको अनुसन्धान लिएर
आपसको बन्धनमा अडिरह्यौं।
दीर्घकाल पछिसम्म ज्योतिषीले पूर्ण-अङ्क
मेटिरहे;
आफैं हामी अनन्तसम्म, थप्तै आयु
जीवन आधारमा खेलिरह्यौं;
अधर-मुस्कानमा रवि-छटा छरिरह्यौं।

पाई प्राण-आधार अन्त्यावस्थामा मलयाचलको हिमबिन्दुले
दुषित अङ्गमा छिटा हाली
एक आर्कोलाई बचाइरह्यौं ।
यही थियो प्रेमी-बीचमा आपसको बलिदान :
बनी दानी क्रियाशील
हाड घोट्न परिरह्यो ।
तारामण्डल छाना थियो विश्व हाम्रा दायाँ बायाँ अडिरहे ।
मधुर नृत्यमा जादू छरी रेगिस्तानमा
उद्यान बन्यो :
प्रतिपल स्वर्ग बिर्सी हाम्रोनिम्ति भूलोक नै
प्राण बन्यो ;
ढक्क फुलेकी केतकीझैं मस्त यौवन रहिरह्यो :
जतातलै मैले तिमीलाई पाइरहें,
जीवन साफल्यको
योग मेरो यही थियो ।
नेत्रबिन्दुको अमृतपान-घटघटको त्यो निराकार
स्वच्छन्दमा उन्मत्त प्राण हेर्दै टाढा बहिरह्यो ;
अभागी इन्द्रको वज्रले फ्याक पारेको, मनुष्य कृतिमा,
आँशु हाम्रो परिरह्यो ;
चटारिएको डँढेलोले चर्काउँदै ल्याएको तापबीच
हामी आफैं परिरह्यौं ।
अधर मुस्कानको क्षीण रेखा बिलायो,
पुस्ट गाला, मस्त छाती नरही
आकृति मात्र हाम्रो टप्कीरह्यो;
मर्कंदै छुटी धूँवा अग्नि-शिखा जलिरह्यो ।
हरायो नेत्रको ज्योति, उड्यो के कता अनन्तसँगै

दनदन दन्कदै, उठ्यो मूश्लो अग्निको,
भयो अवसान अनि असत्यको
चर्किरह्यो व्योममा आवाज
सत्य सन्देश युगल-प्रेमीको
बाँकी रहेको अवशेष यही प्रेमीसँगै प्रेम हाम्रो
पृथिवीतलमा साथ रह्यो ।
परम्परा, धर्म पोली सत्यप्रेमको राज्य पायौं
गीत तिम्रो तपस्या थियो
झरकी-झरको गाइरह्यौं ।

## मेरो प्रेम

ओकिउयामा ग्वाइन

कसले जान्नु मलाई बोलायो
साह्रै टाढाबाट ;
मेरो त्यो
महास्वर्ग स्मरण गरायो ।

"आऊ आऊ तिमि आ⋯⋯उ
आ⋯⋯⋯उ तिमी
आजभरी म
रहि⋯⋯⋯यो
अकेला परी ।"

त्यो थियो एक क्रन्दनातुर
नारी–कण्ठ ।
दिन बितिगयो ।
त्यो सूर आजु भएछ भग्न
त्यो वाणी आज भएछ निस्तब्ध ।

आह्वान त्यो
आज यो
जगत् अर्च्चना
माटोको वन्दना

धूलोको पूजामा
भएछ छिन्न…
अरे ! मित्र
जीवन-कविताको
त्यो पन्ना आज
…कहाँ हरायो
यो भूमितलबाट
रसातल—पसेर
कहा जानु भएछ भस्म ।

निखिल विश्वको
सब सुर जब
मेरो जीवनविनाको एक तारमा
माँझिदै थियो उठ्न बोल
तब भरिगयो जीवनभरीमा मेरो
सत-दुःखले परिपूर्ण गला
…एक अशेष रात्रि
  तानिदियो मेरो नयनमाथि
अरे, त्यो मोह आवरण
सुप्ती-मग्न प्राण मेरो
हे—प्यो क्षणीक सपना
कब कब आँखा खोली क्षणीक विपना ।

—यो मेरो जीवनभरीको असीम मरण
यो मेरो कल्पना रङ्गीन
जति
आर्को आदर्श चयन !!

जीवनको पात्र भरी जब
प्रेम मेरो
उचली उठ्यो
म;
महास्वर्ग खोजी मेरो
अताल्ली अताल्ली त्यसै मर्‍यो ।

मेरो नारी
त्यो सुदूर प्रेयसी
कुन अजाना
दूर--देशान्तमा
कहाँ हरायो
जीवन संचित प्रेम मेरो
पन्थ कबरी भरी
वृथा यी आज
जगत-हाटमा
बेच्न आयो ।
एक हातमा, मेरो प्रेम लिएर
अर्को हातबाट दिने थियो
सुन्दर देहभरा माटोको मूल्य;
--आज बचायो
प्रेमभरा सुगन्ध मेरो
बन्ध गरेर भाएड
आज यो जीवन पुन्य
यदि···हुने रहिनछ म
—प्रेम शून्य ।

मेरो प्रेम
छोइन मूक ममतासिक्त
यो प्रेम मुखर गरी
रहेछ एक निखिल बानी
आज त्यही बानीभरी
भाग्यो कहाली-कहाली
यो युग्म सत्ताको
एकाग्र ऐक्य ।

आज यो जीवन—
खालि एक ज्वलन्त मरण
निर्धारित भएको त्यो
मोह-शिखामय अग्निदहन ।

यो निखिल विश्व, यो तीन भुवन
खालि एउटा वाक्य उच्चारण,
यहाँ रहेछ उद्देश्य
त्यो विपुल ऐक्य ;
यो विशाल जीवन—
--मरण विजयी
रह्यो परी
जोड़ी यो असिम ठाउँ—
मात्र विधेय एउटा गौण कर्म
खालि त्यो आदेश,
मानवताको यो
चरम हेलाँमा
परेर जो

बिस्तारो बिस्तारो
मांसल विभूषण जति मङ्गल
सब कुह्यो
बाँचिरहेछ खालि कङ्काल धारमा भरी त्यो नग्न कङ्काल
—त्यही अरे कर्म मुख्य
मात्र त्यो, अरे त्यही
यो धरणीको धूलोमाथि
—महान् स्वर्ग
त्यसकै आगमनलागि
आज रह्यो प्रतीक्षामा बसी
—मेरो प्रेम अर्घ्य ।

## उत्कर्ष

### कनकद्वीप ब० आ०

अकास च्यातिइरहेको
पृथ्वी फाटिंदै ठडकारोमा
उग्रता नाचिरहेको
सन्ध्या धमिली हुँदै जाँदा
पत्ता लाग्यो !
टुक्रिएका इन्द्रधनु
बादलको मुस्लो धुइरिंदै
सत्य वातावरणको खोजीमा
जाग्रत मानवको पट्टल उघार्न !
प्रकृति क्लान्त-शान्त भई ।
जल-बिन्दुको पूर्ण कलशमा अभिषेक लिंदै
नवजात क्रान्ति ओर्लेको ।
स्वप्न मध्यान्तरमा......
भरिलो हृदयलाई स्वागत गर्दै मार्ग पहिल्याउन
प्रहर सही
निसुप्त विस्मृति
भूकम्प, बाढी तथा जन-युद्ध बन्दै
आभास लिई आएको ।
नव चेतना
धरातलभित्र सम्म घुस्दै
'मेघ-बिकूल'

चौ-दिशाको त्रिपरित कुनामा
देखियो 'शुक्रतारा' झल्झली ।
प्रकाश पिछा गर्दै...
भाग्याधार कर्मवादको पराजय,
सललल बग्दै ओइरिएका प्रचूर भाग
बिलीन सामन्जस्य धव्वा ।
निभ्यो, अनि बल्या
दीप सस्नेह गगनमा
विश्व-मातृका चेतन युग
थियो त्यै 'उत्कर्ष' महान् ।



## उत्कर्ष

### कनकलता नेपाली

ललना !
ए उत्कर्ष उद्बोधिनी,
विश्व निसुप्त छँदा
उठेकी अग्रगामिनी देवी !
आज अर्ध निद्रामा
तन्द्राको ज्योति जगाइदे...
ए ललना !
मातृत्व, मनुष्यको स्वस्थ्य दिशा—
ताकी छेड्ने मूल लक्षमा
बनाइदे अझ उज्ज्वल,
परिधि प्रष्ट जगाइदे,
ए ललना !
उत्कर्ष वसुधा !
तिम्रो आत्मवन्चनादेखि
झन उघ्रेकी छ ।
अन्धकार बादललाई नाख्दै
इन्द्रेणी जसरी जागृत हुन्छे नभमा
त्यत्तिकै चेतनशील ललना
उदाउँछे सभ्य मानवमा !
आशाको दीप जलाइदे ललना,
डोऱ्याई विश्व-प्रेमको गोरेटो फेल्दै
अकासिएको कल्पना तान्दै

आत्मतृप्त गराइदे !
ए ललना !
तिम्रो शक्तिको वेदी–
सल्काइदे शान्तिमा ।
हज्जारौं, लाखौं विश्व-प्रेमी...
जलिरहेका मग्नधारमा
जाइदे हुरूहुरू आँधी,
ए सम्बन्धित् झाँकी !
झाँकिदे राँको बालीं,
गोपी दे क्रूर वीभत्समा
समानताको ए ललना;
तिम्रो लटरम्म नियएङ्...
फिंजाइदे सदा सदा
ए रूपेशा सत्य माता !
जगाइदे उत्कर्ष आँखा,
श्मसान फटाइदे !

# दुइ कविता

कुलमणि देवकोटा

:: १ ::

:: नयाँ जुता ::

इच्छाको पूर्ण-चन्द्र मनको शारदा-नभमा-
किनेको ठहिटीमा
जुत्ता नयाँ चरण-कमलमा !
सडक-सडकमा कुल्चन मन छ,
कड्कन मन छ ।
सबभन्दा पहिले रचना छापिंदा-
त्यै पाता,
त्यै शीर्षक,
त्यै आफनो प्यारो नाम,
तिनै पंक्ति औ तिनै वाक्य तिंति
नव लेखकका विस्फारित आँखा, उल्लसित हृदय
जसरी खोल्दछ,
हेरी रहर पुऱ्याई
गर्दछ बन्द
पुनः पुनः यो चमकदार तिंति !
हिंड्दा
यो पवित्र जुत्तामा
भूइँको
उडेर पर्दछ धूलो

इच्छाको सारै विरूद्ध !
कोठा बढार,
यी जुत्ता साहितै पर्छु म,
खोली पुछ्छु म;
टम्म मिलाई
सिरानतिर यिनलाई राखी सुत्छु म;
"मलाई मिल्दो रै 'छ कि मिल्दो रै' न्छ, खै"–भन्दै
नराम्रा खुट्टा न हाल,
न छोऊ
यिनमा लाग्ला दाग ?

:: २ ::

*अवकाशको पूर्वभास*

अवकाशको पूर्वाभास
पहारिलो चहुर
एक लास,
छेउमा
योठा दुब्लो मान्छे
कसरी पलेटी, शिर निहुप्याई
बसि रहेछ ।
हिजो—आज
क्लासहरू छन् खालि;
सेशन बाँकी छ एक्कै सातो
अनि तातै तातो !

उः लुकेर हेर ( नभन कसैलाई है ! )
यत्रतत्र छरिएका
उत्तरकापीहरू र रातोनीलो पेन्सिल
घण्टौंदेखिन् यथापूर्व छन् ,
मग्न मस्त
भित्री भोटो पल्टाई
मास्टरजी ता जुम्रा मारिरहेछन् , देख्यौ ?

# दुइ कविता

कृष्णचन्द्र सिंह

:: १ ::

इन्द्रजाल

होस्टे……हँसे ! होस्टे……! हँसे !
होस्टे……हँसे !
हा……! हा……!! हा…… !!!
रथ तानिरहेछन्,
रथ गुडिरहेछन्,
गणेश, भैल्लु अनि कुमारी
नगर प्रदक्षिणा गरिरहेछन्
रथ तानिरहेछन् ,
रथ गुडिरहेछन् !

दर्शन-प्रसादले तृप्त भई
केही यता हेरी, केही उता हेरी
दायाँ-बायाँ, तल-माथि, कौसी-भयाल
आँखा-तानी ओहर-दोहर गरी
नर-कीटहरू उडिरहेछन्
रथ तानिरहेछन् ,
रथ गुडिरहेछन् ।

रथमा घौता होइन, घौता मानिस भई
घौताको ठाउँ मानिसले लियो
आकांक्षाको बरदान लिईकन पनि
मानिसमा घौता फर्किरहेछ
घौता बदलिरहेछ
घौता अलगिरहेछ
तर घौताको भकुण्डो लाएर पनि मानिस,
मानिस भैकन बाँचिरहेछ
मानिस भैकन हाँसिरहेछ
मानिसमै त्यसको सौन्दर्य-सत्य
सनातन रूपमा फक्रिरहेछ :
त्यसैले त होला,
हिजो भएकी कुमारी
आज रनिवासमा बसी रोइरहिछन् ।
नयाँ सडकमा भेल्लु र गणेश
कुस्ती खेली हिंडिरहेछन् ।

घौता मानिस हुन बरु चिर आकांक्षित !
मानिसहरूको गुण-गौरव देखी
इतिहासमा कति घौता मानिस भए
राम-कृष्णको वंश-पत्रमा घौताले मानिसको अवतार लिए
तर मानिस घौता भएको कविले कुनै कालको इतिहास देखेन
तैपनि रथ तानिरहेछन्
तैपनि घौता घुमिरहेछन् ।

पाङ्ग्रामा संस्कृतिको छटा
रथमा प्राचीन शिल्प-शृंगार

मल्ल राजाको हार होइन
सांस्कृतिक विजयको इतिहास देखी
शाह राजाले भनिबक्स्यो……
'विजयोत्सवको दिन यो है !!'

जयप्रकाशको संस्कृति सौगात
शाह नरेशको विजय-सम्वत्
इन्द्रजात्रा मानो संगमवत् !
स्मृतिको लिंगोध्वजभैं चेतनायुक्त,
थिर सुखकर ।

चम्किरहेछ दुवै जातिको गौरव-स्तम्भमा
महापुरुषहरूको कीर्तिपट
कुमारी रथ
बाजा मध्य
गुरुपुरोहितका सिपाहीहरू पछि लागेका हेर, दलका दल !!

जैसी-देवलमा समे अलि र
सेतो भैरवकहां जाँड लागि
परिरहेक लुछाचुँडी
संस्कृति हाम्रो रोइरहेछ,
इन्द्रचोकमा हूलदङ्गा हुने गरी
नील-भैरवमा बाझिरहेछन्
तर सिंहासनमा राजा
विजय-हर्षले हाँसिरहेछन् ।
तैपनि हाजिरी लिइरहेछन्

मांकाली नाच र झिंनाले सिनीलाड०
हनुमानढोका पुगिरहेछन्
रथ तानिरहेछन्
रथ गुडिरहेछन्

संस्कृति संस्कृति गुहारेर पनि
मन्दिर भत्की रोइरहेछ
भग्नावशेषमा वास्तु-कला र
बलवाहु बोलिरहेछ……
यहाँ नभए पनि भोट र चीनमा
नेपाल कति हाँसिरहेछ !!!

:: २ ::

लूजफिट

हरेक नयाँ सृष्टिसित मेरो प्रीति छ
हरेक नयां चीजसित मेरो दोस्ती छ
नयां चाहनु मेरो मनको रीति छ
जे-जे नयां हुन्छ सबैसित सन्धी छ
त्यसैले अज्ञात
कहिलेकाँही अनायास
लुकी-चोरी दबी-फुर्की पुग्दछ दृष्टि त्यहीं
जो नयां भएर पनि आफनो हुन्न कहिल्यै पनि !

नयाँ प्यारो लाग्दछ, राम्रो भएर होइन,
जिन्दगी प्रिय छ, तर बुढ्याइँ होइन,
स्वर्गकी देवी या चलचित्रकी रानी सरी
राम्री छ श्रीमती मेरी······
झन मुस्कान क्या मीठो !
झन मुस्कान क्या मीठी छ
छरितो छाँट, छरितो बात
शरीरले सेंट दिंदोछ
एक हेराइमै तिनको लाग्दछ सय कपको नशा
तैपनि कति भद्दा !
कति रूखा !
लाली-पाउडरले पनि छोप्न सक्तैन मेरो नयां चाहको नयां आंखा!
किनभने पुरानो भइसकी !!

जमाना आज नयाँको छ
सड़कमा पैन्ट हिंड्दछ
सभामा सूट बोल्दछ
हलमा गरारा र सलवारको सरसर हावा चल्दछ
फरफर रौं फहरन्छ
हरहर सेंट हुर्रन्छ
जर्किन र बुस्शर्टको
टहटह घाम झुल्कन्छ
तर नहोस् यदि लूजफिट ता
फिट लूज ठहरिन्छ !

डिजाइन पनि बडो गजबको—
कुनै खास रूप छैन यसको

स्वयं यो एक डिजाइन भइसक्यो
जसको मोडल अनौठो—
केही फुस्का, केही खुला, केही ढीलाढाला,
हलुको, छरितो, मिसमास रंग, खासा !
एक छेउदेखि शरीरको पल्लो फेदसम्म
मानो हवादार लिक खडा छ लूजफिटको चौडा ।

लूजफिट पेरिस हो वा पेरिस लूजफिटको
परन्तु बनेको छ काठमाण्डूँ लूजफिटको
अब लूजफिट पोषाक होइन, जमाना नै लूजफिटको
शक्तिको संसारमा जस्तो एटमको अधिकार भयो
पोषाकको दुनियाँमा लूजफिटको धाक जम्यो

लूजफिटको दुनियाँमा जे देख्छु—सब लूज
सेक्रेटेरियटमा कामको डिजाएन लूजफिट छ
हरएक घरमा देख्छु हिरोइन लूजफिट छ
सभासदहरूको समयको कट लूजफिट छ
युवक-युवतीहरूको हिड्ने ढब लूजफिट छ
नेताजीको भाषणको गत लूजफिट छ
हरएक संघर्षको शर्ट लूजफिट छ
राशनको जग र जमीन लूजफिट छ
सरकारी पोषाकको कटिंग लूजफिट छ
साँचै भनू त यो सरकार लूजफिट छ
गौर गरेर हेर्नुस-मेरो कविता पनि लूजफिट छ ।

# तीन कविता

कृष्णभक्त श्रेष्ठ

:: १ ::

:: खोज ::

सुदूरको कति दूर
निभृत मेरो जीवन
स्वप्नमय मन मधुर
मुस्कृत मेरो जीवन

पानीको चन्चल सतह
झन्झाको प्रलय गान
कुसमय अथाह विरह
पथभ्रष्ट विकल प्राण
घटाटोप युक्त गगन
निष्कृत बाहु-बन्धन
सुदूर को कति दूर
निभृत मेरो जीवन

प्रकाशको क्षीण रेखा—
हो कि, न कालको आह्वान
न कर्मको यस्तै लेखा
झन्झाबीच मृत्यु महान्
निरन्तर वेग पवन
अविश्वस्त मेरो जीवन

सुदूरको कति दूर
निभृत मेरो जीवन

दूर लक्ष्य उत्ताल तरंग
घनान्धकार असमान
उन्मत्त छ कराल विभंग
यहीं नै जस्तो लक्ष्यस्थान
डुब्न तयार तत्क्षण
अतृप्त यात्रा तुरिन
सुदूरको कति दूर
निभृत मेरो जीवन

अन्तिम विदा ! किनारसँग
त्यस पार अझै अजान
बेढंगको छ जीवन-प्रसंग
केही ज्ञान केही भान
निर्भय नै छ यौटा सान्त्वना
अक्षय अतुला भूषण
सुदूरको कति दूर
निभृत मेरो जीवन

:: २ ::

*:: चित्रित युवति ::*

परिचित दृष्टिले कुनै व्यथित
सँधै जसो नदी तटमा

हेरिरहेथ्यो चित्रित युवति
बालुवाको मानस-पटमा

उठेर खोलामा आकूल तरंग
व्याकूल भै बारम्बार
गर्जदो छ होड लिएर प्रबल
खोलाको दुवै किनार
चित्रित युवति निश्चल मौन
प्रणय मुद्रामा अभय
ताकिरहेथ्यो युवक
अक्षयभैं अजयमय
कालको कात्रोमा चित्रित सुन्दरी
निमेषभरमै विलीन-
भई गई सँधैकालागि चिर
रंग रेखा चित्र विहीन

दृग-कोषभरी मुस्कायो युवक
भौंतारिंदै खेत-खेतमा
कण-कणमा चित्रित युवति
ताक्दै बालुवाको रेतमा

:: ३ ::

*:: मेरो प्रश्न ::*

परिवर्तनको बन्धनमा नर्तन
गर्दै युग नवीन कता जाने

मेरो तकियामुनि मृत्युले सपना-
देख्छ, रात दिनको के माने
गतिहीन, मतिहीन वर्तमानको
इतिहास-वास के सोँच्ने
मशानमा आई भविष्य थुप्रिन्छ
दिन गन्दै के औंली भाँच्ने

जलकर चन्चल लहर अज्ञात
इच्छा बढाई कता लाग्ने
सागरको सागरमा नै उत्कट
भागेर पनि कता जाने

## केही कविताहरू

गोपालदास कोइ

:: १ ::

: एउटै इच्छा छ :

एउटै इच्छा छ—
निरन्तर बगिरहेको यस प्रवाहबाट,
अरु केही नभए
यी सहस्रौं नर–बाँदरले कम-से-कम आनन्दको
महत्व त बुझि देउन् ।

:: २ ::

: मानिस :

मानिस !
हेर्ने वस्तु त असंख्य छन् ,
सिर्फ तिमी कानो छौ ।
सुन्नलाई गीतहरू पनि धेरै छन् ,
सिर्फ तिमी बहिरो छौ ।
बोल्नलाई मीठा कुरा पनि धेरै छन् -
सिर्फ तिमी बोल्न जान्दैनौ ।

:: ५ ::

: *ए मानिस !* :

ए मानिस !
मलाई के भनीसकिस् ,
र अरु के के भन्न्छस्—
मलाई थाहा छैन ।
तर जे जति भनिस्—
सब झूठ, सब झूठ !
यतिका झूठ बोलिस् ,
चिनिनस्, कोशिशसम्म पनि गरिनस् ।
तर एक फेरि त
सत्य, तैंले चाहे पनि न चाहे पनि,
तेरो जिब्रोमा अउनेछ ।
हो,
जब मरिसकुँला
मेरो लाश देखेर
मलाई मूर्दा भन्नेछस् ।

:: ३ ::

: *ढुङ्गा* :

ढुङ्गा !
तँलाई खूब गाली गरें,
निर्जीव होस् , निर्दयी होस् ,
पत्थर होस्——
अरु पनि के के भनें, के के भनिन ? !

तर मेरो गीतलाई प्रलाप भनेझैं,
मलाई पागलको पदवी मिलेझैं,
के यो पनि त्यस्तै होओइनर ? !

:: ५ ::

: *यो पृथ्वी हो* :

यो पृथ्वी हो। —
यहाँको सबै चीज गोल छ; —
यसको आकार गोल,
यहाँ बस्ने मानिसहरूको प्रकार गोल,
उनीहरूको बोल पनि गोल,
र,— —
यहाँको इतिहास पनि गोल।

:: ६ ::

: *मानिस* :

मानिस !
तँ नाक होस् ,
तँ कान होस् ,
तँ हात होस् , खुट्टा होस् ,
हाड होस् , छाला होस् , आन्द्रा होस्, भुँडी होस् ।
मानिस !
तँ केही स्टोन होस्,
अर्थात् केही पाउण्ड होस्,
मतलब केही मन, सेर, पाउ र छटाक होस् !

:: ७ ::

: *साथी !* :

साथी !
आँखा फिंजाएर बाटोभर
खूब पर्खिरहेछस्,
कोही आउने पनि छ र ?
ताल दिंदै यस शून्यशानमा
खूब गीत गाइरहेछस् ,
कोही सुन्ने पनि छर ?

:: ८ ::

: *साथी* :

साथी,
मरें भने,
मेरो लागि कहिल्यै नरुनू ,-
मेरो खरानीले समेत लाज मान्ने छ ।
बाचुन्जेल हाँसे, गाएँ,—
आपद् आउँदा, बिपद् बज्रँदा,
व्यथा-वेदनाको बिगूल बज्दा,
यो मुस्कान मेरा कलेटी परेका ओठमा नाचिरहे,
छिया-छिया परेको छातीका गीत गुन्जि नै रहे ।
थाहा भइसकेको थियो--
मेरो हाँसोले साथी पाउने छैन—
मेरो गीतले प्रतिध्वनि पाउने छैन—
तर हाँसि नै रहेँ, गाइनै रहें

साथी !
मेरो यस गानलाई,
मानवताको यस नासोलाई,
खूब हिफाजत गरेर राख्नू,
मेरो लागि कहिल्यै रुनू ।

:: ६ ::

*:: मर्त्यलोकका ए वासिन्दा ! ::*

मर्त्यलोकका ए वासिन्दा !
मानवतालाई टाँगेर तिमी क्रिस्तान बन,
सोक्रेटिजलाई मारेर तिमी विद्वान बन,
क्रुजेड लड, जेहाद बोल ।
मर्त्यलोकका ए वासिन्दा !
जेहाद बोल, तिमी जेहाद बोल ।
मर्त्यलोकका ए वासिन्दा !
रगतको खोलो बहाई तिमी वीर बन,
नर–मुण्डको माला लगाउ तिमी गाजी बन,
काफीर मार, मुहम्मदको झण्डा गाड,
मर्त्यलोकका ए वासिन्दा !
शान राख, तिमी शान राख ।
मर्त्यलोकका ए वासिन्दा !
सोह्र हजार गोपिनी राखी तिमी कृष्ण बन,
गोली हानी गान्धीमाथि तिमी हिन्दू बन,
मान राख, हिन्दूत्वको उथान राख ।

मर्त्यलोकका ए बाँसिन्दा !
हिन्दू बन, सिखी बन मुसलमान,
अरु यवनै बन, सिखी क्रिस्तान बन ।

:: १० ::

: ....म मरिसकें :

अनुमान गर कि म मरिसकें,
सडिसकें, गलिसकें ।
त्यस वेला के गर्छौ ?
या रून्छौ, या हाँस्छौ
सम्झन्छौ या बिर्सन्छौ
अरु गर्न के सक्छौ ?

:: ११ ::

: म चाहन्छु :

म चाहन्छु—
मेरा यी वेदनाका गीतहरू मरून् ।
म चाहन्छु—
यसका अर्थ मरून ।
अजायबघरका सम्मीझैं,
मेरा कविता—
म चाहन्छु—
विस्मयका वस्तु बनुन् ।
दूध-भात पनि खान नपाएको,
यस मानिसको यो गाथा—
यो व्यथा—
म चाहन्छु—
विस्मयका वस्तु बनुन् ।

# जुनेली रातमा सुनेको चराको गीत

## गोपीमाधव देवकोटा

चकमन्न जुनेली बेला छानी, शून्यपनाको सुखको ज्ञानी
तेरो सुरिलो कण्ठ खुलाई, भन्नु छ जे जे सुना मलाई।
हृदय उघारी भाव खन्याई, लयमा मृदुतालाई नचाई,
नीरव कौमुदीलाई हँसाई, पात-पातमा सास चलाई,
कुन आशाको पूर्तिलाई सम्बोधन गर्छेस् ?
अथवा आशा पूर्ण भएर माथि माथि भाव गएर
उच्चताको राह लिएर, अन्तिम तेरो सन्देश दिएर
दृष्टि-सीमा पार गरेर, शून्यपनामा भाव भरेर
नीर-नभ-अमृत टम्म गरेर, कल्पनाको तार जडेर
तेरो दिलले स्पर्श गरेर, दिलको गान सुनाइस् ?
यस्तै मीठो कहिले गाइस् ? कहिले दिलको भाव खुलाइस् ?
खोजिरहेको सुन्दर, सुरचित मेरो सपना कसरी ल्याइस् ?
हरियालीले टम्म भएर पृथिवी माथि माथि चढेर
ताराहरू सब लठ्ठपरेर, शशि झन झन शान्त भएर
मसँगै मेरो साथ दिएर सुन्छन् गाना मुग्ध भएर।
स्वर, सुर माथि चढाई, स्वर्ग र पृथिवी एक गराई,
नीरवतामा प्रतिध्वनिले सजीवताको बिजुली चलाई
कुन जादूको तत्व लिइस् ?
तेरो गाना शीतल बन्दै, रौं-रौंदेखिन् बिजुली चल्दै
पुग्दछ मुटुमा गुन्जन गर्दै, रगत सबै मदले भर्दै;

उड्दछु म पनि शान्त भएर बोझ भएको देह भुलेर
देख्तछु उसको गहिराइमा गाइरहेको तँ चरालाई
मृदु-गानाको सुन्दर रूपमा ।
जति जति आँखा चिम्ली सुन्दछु, उति उति मधुमय प्याला लाउँछु,
दिलमा कविता मन्द सुकोमल, बग्दछ तेरै गाना गाउँछु;
बिर्सें सपना विपना के हो ? तेरो गानाभित्र निदाउँछु !

## चित्तरञ्जन नेपाली

### एउटा मूर्ति

आस्थारहित,
विश्वासहीनताको प्रतीक
एउटा मूर्ति......
नारीको आकृति लिएर मेरो सामुन्ने खडा छ,
निश्चल, निष्प्राण निर्जीव !

आजले केही वर्ष अगाडि
त्यो मूर्ति...
आजझैं निश्चल थिएन,
निष्प्राण थिएन !
त्यसमा चंचलता थियो,
मादकता थियो,
कलात्मक आकर्षण थियो !
जिन्दगीको निम्ति विश्वास थियो !
अनि त्यसतिर म आकर्षित थिएँ।
त्यस बेला,
त्यसको कलात्मक आकर्षण देखी
मनमोहक मादकता सम्झी,
त्यसमा रहेको अटल विश्वास हेरी
मैंले त्यसलाई
जिन्दगीको आधार मानेको थिएँ !

साथी नपाई भट्किरहेको यस जीवनमा
एउटा साथी पाएको महसूस गरेको थिएँ !
यसरी नै मैले
त्यसलाई आफ्नूजिन्दगीको महत्व सम्झेको थिएँ !
त्यसको इज्जत गरेको थिएँ,
आजले केही वर्ष अगाडि !

तर,....
तर एक दिन
एक सुनहला बिहानीपख
अकस्मात् मैले पाएँ उसलाई हारेको,
समय र परिस्थितिको परीक्षामा ।
जिन्दगीको सबभन्दा ठूलो आधार—
आस्था र विश्वास गुमेको पाएँ ।
हृदयको धड्कनलाई समाल्न सकिने
क्षमताको कमी पाएँ ।
अनि म–पाएँ मैले.......
आफ्नै कदर, आफ्नै महत्व, आफ्नै इज्जत,
बहन गर्न नसक्ने कमजोरी,
धरमरता, अधैर्य, अस्पष्टता !
त्यसपछि मैले आफूलाई
त्यसबाट टाढा पुगेको अनुभव गरें ।

आज त्यसै मूर्तिलाई
अकस्मात् मैले सामुन्नेमा खडा पाएँ

निद्राबाट बिउँझदैमा आफनो सामुन्ने देखें !
तर त्यसलाई देखेर,
आज ममा कुनै किसिमको घबराहट छैन,
कुनै उद्वेग र आवेग छैन ।
त्यस मूर्ति–दर्शनमा......
आज कुनै आकर्षण छैन
त्यो उत्साह र विश्वासको संकेत पनि छैन !
मानो त्यो मरिसकेको छ
स्मारक !

आस्था रहित
विश्वासहीनताको प्रतीक.......
एउटा मूर्ति......
नारीको आकृति लिएर मेरो सामुन्ने खडा छ,
निश्चल, निष्प्राण, निर्जीव !

# कुखुरा र चुपी

जगदीशशम्शेर

झ्या-झ्याँ-झ्याँ-र्र !
त्यो अनाकृतिमा
कोलाहलमय आकृति,
त्यो कोलाहलमा शब्दभंग आर्तनाद,
गाढा प्याजी टेबिलमा
रातको कलिमा,
छिद्र-छिद्रमा
सेतो व्याघ्रदन्तसरीको चीरा ।
दुइ खुट्टाको जोडको फट्कार !
सुक्खा बगरको माझको सिनाकार !
यो तडपनको नया संसार !
अनाकृतिपूर्ण आकार !
रण खेतको हाहाकार !
तर एकलास,
एक्लो, बेवारिस,
लाचार !
अनाकृतिमय संसारमा कमरालजमा !
एक चाराको गूँडमा सिन्दबाद भ्रममा !
जादू-कुमारीको भेडो
मानिसको वेदना !
यो गाढा प्याजी टेबिलमा

रातको कलिमा,
छिद्र–छिद्रमा
सेतो व्याघ्रदन्तसरीको चिरा ।
कोलाहल, चिच्याहट,
पुकार, आर्तनाद
तर शब्दबिना;
फट-फटाहट, धडकन,
तडपन र याचना
तर दिलविना;
भावना, सम्झना,
स्मृति र कामना
तर वारिसविना ।
रातको कलिमा,
व्याघ्र द्रंष्ट्रको सेतो चिरा
टेङ्कको दाँती,
सुख्खा बगरको बालुवा आँशु
भत्किएको हवाइजहाजको हाँसो,
इस्पाते कारखानाको निष्ठूरता
पेट्रोल सकिएको गाडीको घच-घच,
गाढा प्याजी टेबिलको कलिमामा
तेजिलो चुपी ।

## चोइटा

**टेकबहादुर नवीन**

वसन्तमा खसेको योटा यो पात कस्तो !
त्यही पात जस्तो मेरो यो जीवन कस्तो !
मलाई आज योटा रन्का छुटिरहेछ......
कतै यै पातसँग बहेर जाउँ जस्तो !

\+ +

सन्ध्या र प्रभात मिल्न खोजे जस्तो !
दायाँ र बायाँ किनार मिल्न खोजे जस्तो !
तिम्रो र मेरो दिल पनि यस्तै भइरहेछन् !—
आकाश र पृथिवी मिल्न खोजे जस्तो !

\+ +

रात आयो म आउँदा आउँदै !
तार छिन्यो सितार बजाउँदा बजाउँदै !
आँखा म बाटोमा बिछाउँदै थिएँ...
आँशु आयो गीत गाउँदा गाउँदै !

\+ ÷

सुनेकी थिइन् तिनीले—अवश्य आउन्
मेरो घरको छानाको बत्ती हेरी !
बत्ती भन्ठानी तिनी गइरहिन् , गइरहिन्—
दूर क्षितिजको एउटा तारा हेरी !

\+ +

क्राइष्ट र महमद नहोलान्, एउटा मानिस देऊ !
सिद्धान्त र वादहरू नहोलान् यौटा मानव–दिल देऊ !
डार्विन उल्टिए, मानिस खोज्न डायग्नोसिस निस्के—
आज डार्विनको सिद्धान्तको यौटा चोखा प्रमाण देऊ !

\+ \+

मेरो कविता गाह्रो छैन, तर कोही बुझिदिंदैन !
म बुझाइरहन्छु तर कोही कानै दिंदैन !
कोही कान ता दिन्छ तर कोही हृदय दिंदैन !
म रोइरहन्छु हर्दम तर कोही सम्झिदिंदैन !

\+ \+

मेरो अनधिकार चेष्टा थियो त्यता हेर्नु,
तर हेरिरहें हेरिरहें एक पलक मैले बिराइन !
जुग-जुगको जस्तो थियो त्यो प्रतीक्षा मेरो—
तर देख्ने वेलामा नै आँखा भिजेकोले हेर्न मैले पाइँन !

\+ \+

किर् किर् भए पनि साँझको किर्थो प्यारो !
पिल् पिल् भए पनि रातको तारो प्यारो !
जहाँ गए पनि यसको माया साथै छ मेरो...
सानो भए पनि स्वदेश नै मेरो प्यारो !!

\+ \+

जन्म जन्म नेपाली बन्न लौ मलाई 'सेराप' देऊ !
जुग जुग नेपालको नोकर बन्न लौ मलाई 'सराप' देऊ !
सारा दुनियाँले मलाई सांम्रो मनको भनुन ...
नेपाली हूँ भनी अभिमान गर्न लौ मलाई 'सराप' देऊ !

\+ \+

घुम्दै पृथिवीले भन्यो म खोजिरहेछु !
डुल्दै पवनले भन्यो—म खोजिरहेछु !
ती के खोजिरहेछन् मैले केही बुझिन—
तर मैले पनि भने—म खोजिरहेछु ।

\+ +

देखो मेरो टलपल आँखा रसले भरेको
दुनिया भन्छ—यो मधुप्याला हो ।
कसले भन्दछ—आँखामा आँशु ?...
जीवनभर प्रीती गरेको ज्याला हो !

\+ +

सुन्दरीजलको झर्ना किन झर्‍यो को भन्छ !
नौलाख तारामा एक तारा खसेर के हुन्छ !
म एकान्त बनको परित्यक्त फूल हूँ......
म ओइलाएर किन ओइलायो को भन्छ ?

\+ +

आँखाभा परेका ताराले आँशु भरेर गए !
छातीमा खिचिएका तस्वीरले अँध्यारो भरेर गए !
बीचमा पुग्दा बाटाको ठेगाना नै गयो.......
मनभा उठेका बिजुलीले सपना चिरेर गए !

\+ +

जाँदै गरेको मलाई मस्त हावाले 'झुक' भन्छ !
टलपल नयन भएको मलाई यो ताराले 'हाँस' भन्छ !
कुन अतीत-यादले जून पनि औंसी हुन्छ......
चाँदनी-रातले मलाई अँधेरिमा 'लुक' भन्छ !

\+ +

वसन्त आउँछ तर बहार आउँदैन मेरो !
मजधार आउँछ तर किनार आउँदैन मेरो !
शून्य जो कुनै प्रतीक्षा मेरो......
दुनियाँ आउँछ तर दिलदार आउँदैन मेरो !

\+ +

टाढा हुन् वा नजिक, सबै आकाशका तारा हुन् !
दाया हुन् वा बायाँ, दुवै नदीका किनारा हुन् !
बर्मा, मलया, भोट, दार्जिलिङ जहाँ हुन्.......
नेपालआमाका माया भएका सबै नेपालकै सहारा हुन् !

\+ +

म गोर्खाली हुँ, मधिसे हुँ वा नेवार हुँ !
म राई हुँ, लिम्बु हुँ वा मगरह हुँ !
म जो हुँ, तर म यही नेपालको हुँ!
नेपालको आँशु पुच्छने एक नेपाली हुँ !

\+ +

यो हिमाली हावा अझै रोइरहेको सुन्छु !
काली मेचीको लहर छटपटाइरहेको देख्छु !
हिम-वक्षस्थल पैरो र चिरामा फाटेको भेट्छु !
तर के भनुँ मौन गगन खामोश धर्ती देख्छु !

\+ +

कला, पसिना र बहादुरीमा,
मन्दिर, धानको बाला र खुकुरीमा,
म यही नेपाल पाउँछु साथी....
डोको, खर्पन र टोकरीमा !

\+ +

एक पटक यो धूलो पनि अमरसिंह थियो !
एक पटक यो धूलो पनि बलभद्र थियो !
आज कति ब्यूँदा भनिन्छन् तर ज्यान छैन !
कुनै बेला यो धूलोमा पनि ज्यान थियो !

+ +

छैन यो हिमालमा उषाको मुस्कान झल्किरहेको,
छैन यो भाष्करजीको कान्ति कण-कणमा छल्किरहेको,
कहाँ हो यो इन्द्रेनीको घडा घोप्टिइरहेको ! —
यो हो भोक प्यासको अग्निकुण्ड बल्किरहेको !

+ +

यहीं हो जहाँ रात गएर पनि दिन आएन !
यहीं हो जहाँ राहू गएर पनि रवि आएन !
यो उल्टो चण्डीकाको बस्ती हो, साथी,—
यही हो जहाँ पतझड गएर पनि वसन्त आएन !

+ +

करोड करोड पाउको एकै जन्जीर छ हाम्रो !
करोड करोड घाउको एकै औषध छ हाम्रो !
शान्ति, प्रगति, आजादीको अभियानमा
एक करोड नाउको एकै मन्जील छ हाम्रो !

+ +

किमती भए पनि सुकिलो पोशाक देखेर,
तिनको मनमा लग्यो होला केही छ।
मसँग कोही थिएन, केही थिएन, त्यो देखेर,
मैले भने आँशु पुछ्ने एउटा रूमाल छ !

+ +

सुसेलीमा पनि कोही गीत गाउँछ !
व्यथित छातीबाट भेष बद्लेर पनि वेदना आउँछ !
कोही बुझ्न नखोजोस्, न बुझ्नेगरी बुझाएझैं,
कोही आफ्नो दर्द लुकाएर पनि देखाउँछ !

\+ \+

सडकका यी धूलोलाई पनि अब उड्न देऊ !
जुत्ताका यी तलुवालाई पनि अब उड्न देऊ !
कत्ति यी आकाश का तारा मात्र हाँसिरहुन्—
कुल्चिएका जमीनलाई पनि अब हाँस्नदेऊ !

\+ \+

आफ्नै दुइटा पाउको यही हो बाटो मेरो !
आफ्नै दुइटा आँखाको त्यही हो तारो मेरो !
आकाशमनि औ पृथिवीमाथि—
जहाँ पुग्दछु, पुग्दछु, त्यहीं हो मन्जील मेरो !

\+ \+

'भोलि' हिजो भयो तर भोलि भएन मेरो !
भर परें, परें तर कोही सहारा भएन मेरो ?
ताराको टिमटिमाहटलाई इशारा भनेछु मैले—
आकाश हेर्दाहेर्दै पृथिवी डुबेछ मेरो !!

\+ \+

बाँच्ने भए मर्ने किरिया खाएर उठ !
हाँस्ने भए आँशु पिएर उठ !
कशमकसको दुनियाँका कशमकस नखाऊ !—
उठ्ने भए लड्ने किरिया खाएर उठ !

\+ \+

जान्दिन के पर्खी बसिरहेको छु !
पर एकतारा हेरिरहेको छु !
प्रतीक्षा यसैको नाम रे !—
आज यौटा शून्य समाति रहेको छु !

\+ +

आफनै अगाडि छ तर के हो भन्न सक्तिन !
प्रत्यक्ष नै बितिरहेछ तर कसरी हो भन्न सक्तिन !
छलङ्गै छ यो तर यही म बुझ्न सक्तिन !
अहिले क्षण क्षणकै कुरा त कैल्है हो भन्न सक्तिन !

\+ +

सत्यताले हामीलाई यसरी लात्तीले हानिरहेको छ !
आफन्तैले हामीलाई यसरी नाशिरहेको छ !
आगोले पोलेको भए उसतो आश्चर्य थिएन—
जुन छाँयामा सुस्पेथ्यौं उही छाँयाले पोलिरहेको छ !

\+ +

एक करोड मुटु छन् तर एकै स्पन्दन छ हाम्रो !
काली-मेचीबीच करोडको एकै जीवन छ हाम्रो !
एकै हिमालयको छाँयामा करोड सुस्केरा छुट्दछन् !
एक करोड मुख छन् तर एकै क्रन्दन छ हाम्रो !

\- +

यहाँ ज्यूँदा सबै मरी-मरी बाँचिरहेछन् !
डढेको बिउ रोपी मीठा फलकोलागि साँचिरहेका छन् !
गला निमोठिएको घोप्टे बच्चा काखमा च्यापी—
बढेर दूध-भात खुवाउँला भनी मख्ख हाँसिरहेका छन् !

\+ +

तूफान रोके, हिमालय बसाले, शान्ति भएन !
बुझ्न तमाम पृथिवी उल्टियो – शान्ति कहाँ छ !
गन्दा सडकमा फेंकिएको रोटीको एक टुक्रो—
यौटा माग्नेको मुखमा बोल्यो—शान्ति यहाँ छ !

+ +

तिम्रो कदमको आहटले कसैको गीत गाएझैं लाग्छ !
तिम्रो तरल नयनमा कसैको तस्वीर झल्केझैं लाग्छ !
तिमीले जति दबाउन कोशिस गरे पनि
तिम्रो हृदयको धडकनमा कोही नाचिरहेझैं लाग्छ !

+ +

आजको यो उराठ उजाड पतझडलाई—
पहिलेको त्यो मनोरम वसन्त सम्झ !
यो मेरो आजको अति कर्कश ध्वनिलाई
पुरानु उही त्यो मधुमय बोली सम्झ !

+ +

तिमीलाई जनम-जनमदेखि चिनेझैं लाग्छ !
जीवनभरि कसैको छायाँले साथ दिएझैं लाग्छ !
आकृति विना पनि कसैको चित्र छातीमा खिचिएझैं
आँखै बन्द गरे पनि तिमीलाई देखिरहेझैं लाग्छ !

+ +

आकाशबाट किरण दौडेर आयो,
छायाँको मायामा त्यो यताउति भट्किरह्यो !
आखिर यौटा पातपछाडि किरण लोट्यो,
त्यै पात अगाडि छाया नदेखी उ रूँदै रह्यो !

+ ×

लहर उठेको कुनै नील सागर जस्तो,
लहराइरहेको कुनै कालीघटा जस्तो,
दुइ तिम्रा यी टलपल आँखा...
दुइ मास असार–साउन जस्तो !

\+ +

तिमीलाई आउँछ सपनीझैं टहल्नु,
फूलझैं घुसेर काँडाझैं निक्लनु !
अझ झन् तिमीलाई खूब आउँछ—
मेरो प्यारलाई इन्कारीमा बदल्नु !

\+ +

प्रिय चन्द्रे ! तिमीले हिर्काएका तमाम पत्थरहरू
आकाशमै झलझलाउँदा ताराहरू बने !
तिमीले छाडेका छड्के तीरहरू पनि—
कति सुन्दर इन्द्रधनुष पो बने !

\+ +

वनको एउटा घायल मृग म हूँ,
जो छातीको काण पिइ वनमै आउँछ !
सागरबाट निस्केको योटा नदी हूँ म—
जो सागरै जान हण्डर खाँदै आउँछ !

\+ +

आकाशका तारा पृथ्वीको पानीमा परे,
पानीले प्रफुल्लतामा सोच्यो—ताराहरू पाएँ !
एक दिन बादलको छाया अँगाली मैले यसै सोचेथें—
भनत लौ—आज मैले केके पाएँ !

\+ +

मेरो हृदयको सपनामा जति देखिन्छ जो,
मेरो सदाको विपनामा कहिल्यै देखिन्न त्यो !
मेरो चालीस अँगुलको छातीमा लेखिन्छ जो
मेरो चार अंगुलको पुर्पुरोमा लेखिन्न त्यो !!

\+ \+

तिमी के मलाई रस पिलाउन आउछ्यौं,
जब तिमी खुदै रस बनेर आँउछ्यौं !
तिमी के रसले भरिएको प्याला दिन्छ्यौ—
जब मद भरिएको आँखा ली खुदै आउँछ्यौं !

\+ \+

यो साउनले कति चीसो बतास फेर्‍यो !
मैले सास फेरेर हावालाई झन चीसो बनाएँ !
साउने झरी खुलेर मात्र कति पानी दियो र ?
मैले आँखा खोलेर नदीलाई झन गहिरो बनाएँ !

\+ \+

जस्को रातमा आउने प्रतीक्षा गरेको थिएँ,
उही टाढाबाट दीप पिलपिलाई आइरहेको देखें !
नजिकै आउन्जेल त आँखा बिछ्याइरहेको थिएँ
अन्त्यमा जूनकिरी पो सामुन्ने पिल्पिलाई रहेको देखें !

\+ \+

छायाँ प्रकाशलाई सदा खोजिरहन्छिन्,
प्रकाश भने छाँया देखि भागिरहेको छ !
रात पर्दा बत्तीमुनि गै छाया बसिरहन्छिन्
भेट हुदैन, दर्शन मात्र उनको जीवनमा लेखिएको छ !

\+ \+

जस्तो अनन्त आकाशमा एक तारा डुबिरहेछ,<br>
जस्तो विशाल ओडारमा एक झोंका हावा घुमिरहेछ,<br>
एक विलुप्त भावना एक ठण्डा श्वास एक थोपा आँशु ...<br>
जस्तो एक बिन्दु एक अथाह सागरमा मिसिरहेछ !

-/- -/-

# केही कविताहरू

दानिलय खालिङ

:: १ ::

*: रून्छौ निश्चय त्यो सुनी :*

मूर्च्छा खान्छ भुलेर भूतल सधैं आलोक प्राणी कबै,
मेरो लागि भरोस् चराचर सबै आफै मरेको छुम्भैं,
सारा सुन्दर फूल-फूल्न नसकोस् अन्धोम होऊं कसै,
होऊँ पागल औ प्रलाप म गरूँ वर्षा र छाँगा सँगै,
थर्कोस् लोक समस्त थर्थर गरी मेरो कडा नादले,
वा टुङ्गा नभको खसोस् र बिजुली कड्कोस् र भूकम्पले
ढालोस् पर्वत विश्वको र शिरमा पड्कोस् न अट्टालिका,
तारा सूर्य जुधोस्, फुटोस चूर्ण पृथिवी, यो जीवनै होस् फिका
हाहाकार भरोस् सधैं वरिपरी, उल्का घुमोस् बेस्करी,
दौडोस् केतु र राहु साथ क्षयको लप्का गरोस् मस्करी,
आगो होस् सब भैं र पत्थर सबै, पानी बनोस् तेल नै,
सूर्यैसम्म पुगोस् शिखा बलि उठी, दन्की बलोस् विश्व नै।

त्यो कोलाहलको बड़ो प्रलयको सारा विपद्मा पनि
अन्धो पागल भै जगत् भुलिदिंदा आत्माभरी नै तिमि
हुन्छौ, हे प्रिय नित्य सुन्दर तिमी आधा मरेको छँदै
मेरो शब्द प्रलापमा अफ्र फुटी फल्दै रहन्छौ सधैं।

आर्को लोक पुगी मरेर म तहीं तिम्रो पुकारा गरी
चौथै लोक म थर्थरी गरिदिई थर्काइदिन्छु भरी,

तिम्रो नाम त्रिलोकमा दश दिशा मच्चाउँछु खलबली;
रून्छौ निश्चय त्यो सुनी चण कुनै शोकाश्रुले छल्छली ।

:: २ ::
*: सम्झी मृत्यु भयानक :*

सम्झी मृत्यु भयानक 'अन्त हो यो' म भन्दछु,
'अरू पाउन्न जीवन राम्रो' भनेर ठान्दछु ।

आधा जीवन रातको, आधा जीवनमा कति
काल आलस्यले बिल्छ, चिन्ता स्वप्नमा कति
कछ समय कर्मको, रूपविलासमा कति
सुस्त सुस्त चिताचेत पलपल घडी घडी
मस्करीसित, शैशवकालको शिशुखेलमा
कोमल कल्पनामय भुवनमा अकार्थमा
व्यर्थ रोएर हाँसेर, रोग-शोक सही सधैं
वृद्ध भएर टोल्हाई शिला-निर्मित-मूर्त्ति भैं
चाउरी मात्र छामेर । 'यो कर्मलोक कर्म-क्षेत्र हो !'
तर अत्यन्त सीमित समय किन कर्म को !
थोड़ समय लोकमा कर्मलाई प्रयोजन
के छर कर्मको जब व्यर्थ बिल्दछ जीवन
आधाभन्दा अत्यन्त नै अधिक ? हाय, हाय रे
व्यर्थै बाँच तिमि सधैं, प्राणी श्रेष्ट मनुष्य हे !

यो मेरो भूल हो ठूलो, भूल हो, भूल हो । क्षमा,
क्षमा गर, क्षमा गर; परें तिम्राम पाउमा ।

अवसान कहीं छैन युगानुयुग कर्मको
बीज छोडेर मर्दछ पुष्प, जन्म छ बीजको
पुरानो बीजमा  मृत्युमा म अन्त अँगाल्दछु
मृत्यु पश्चात्—अनन्तमा फेरि प्रवेश गर्दछु

:: ३ ::

*: यौटै छाया, यौटै माया छाती पिर्दछ खूब :*

आजै बिहान जानपहिचान
भो कति कति जनासित,
कति कति मधुरो
विवरण अधुरो
रहने छ चिरमुकुलित ।
शोरमा कपास
मनमा बतास
मैं मुटु नफुटेसम्म
यो विश्वभरी
भावना छरी
असमेल हूँ दोछ टम्म ।
दिवस छ बाँकी राखी
चिर समयको दुःख-सुख
उम्रको बोट
सहीकन चोट
अकासी हुनुछ रूख ।
कति कति शुभ जय
विस्मय परिचय
बर्सलान् जीवनमा

पराभव भीति
परिचय विस्मृति
भै कण्टक भूवनमा,
तर यौटै जय
सुदृढ परिचय
दीप्त उज्जवल पवित्र,
हृदय सहारा
यौटे तारा
आँसीको नभभित्र।
सन्ध्यामा ती मधुरो होलान्
सकल चराचर रूप,
यौटै छाया
यौटै माया
छाती पिर्दछ खूब।

:: ४ ::

:: दशैंपछि ::

पूर्व शरदमा परिष्कृत गगन,
दृष्टि मधुर स्मृतिले स्वच्छ क्षितिज,
वर्षापछिको नवीनतामा
मनमा जाग्दछ मधुमय मनसिज।

किशा किरीका गानासित
हाँस्दै हाँस्दै दशैं आउँदा
मस्त रहन्छु दिउँसो राती,
भुल्छु भएँ एक वर्ष बूढा

यौवन अलिकति हुन्छ ढलेको,
जीवन अलिकति थाकिसकेको,
मृत्यु अलिअलि वरवर सरेको,
अलिकति मनको छन्द सुकेको;
वरले 'जा जा' धेर भनेको,
वनले 'आ आ' तीव्र भनेको,
सन्ध्या अलि अलि हाँसिरहेको,
प्रभात अरू अरू दूर भागेको ।

पलपल दिनदिन वर्ष अनेकौँ
समय बित्छ त बितेर जाओस्,
घट्छ यदि आयु घट्दै घट्दै
मृत्यु नजिकै आउँछ आओस् ।

तिमी त्यहीं छौ जीवन पारी,
पलानुपलको हाराहारी---
दशैं, पछि दशैं पछाडि छाडी—
तिमीसित भेटन यो छ तयारी ।

वल्लभ, त्यसमा भय कुनै छैन,
म त टुक्क छु, शुभ, निर्धक्क बस्छु !
तिमीतिर जानु यात्रामा, प्रिय,
एक वर्षले म नजिक हुन्छु ।

"बुद्"

दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र'

( १ )

आज हुरी आयो
सागरमा,
ठूलो-ठूलो लहर उठ्यो
बढ्दै-बढ्दै गयो अगाडि —
ऐया ! भनि चिच्यायो !
ठूलो सोर भो,
कण-कण अलग भो पानीको
उछिट्यो लहर--
यताउति छरियो
भिजाई दियो वक्षस्थल धरतीको !

बालुवाको कणले सोस्यो सबै पानी
कोई कण पानीको फर्किंदो लहर संगै पुगे
समुद्र-गर्भमा ।
बालुवामाथि पनि लहरा बनेका थियो
समुद्रको पानीमा झैं !

तर, ऐया ! भनि चिच्यायो सागर
किनाराको ढुंगाको चोट खायेर,

निष्ठुर ढुंगाले किनाराको--
चोट नै दियो,
रोक्यो अगाडि बढ्दो लहरलाई
जब लहर उतर्‍यो,
पानीका दुई-चार वटा थोप्ला टल्कीरहेकाथिए
ढुंगाको छातीमाथि,
जस्लाई घामले तानेर लग्यो !

( २ )

यो मुटु पनि सागर !
भावनाको लहर उठ्दछ,
विपद, दुःखको हुरी आउँछ,
ठोकर खान्छ—
अनि ऐया ! भनि चिच्याउँछ !

बालुवाका कण झैं केही दयालुको हृदय पनि
अर्काको दुःख हेरेर दुःखी हुन्छ,
अर्काको दुःखलाई आफूसंग बाँड्न खोज्दछ,
अर्काको हृदयभित्र पुग्छ—
उसको दुःखलाई छाम्छ—
अनि पीडाले उसैको छाती बटारिन्छ
बालुवामा बनेको लहरा झैं !

निष्ठुरको मुटु पत्थरको हुन्छ !
जति रोए कराए पनि उसको सामुने,

बास्ता नगरी आफ्नै विजयमा हाँसी रहन्छ
अनि दुःखीको हृदु दुःख सहन न सकी—
पेया ! भनि फराउँछ !

( ३ )

सागरमा मिसिन आउने नदीहरूझैं--
अनेकानेक मीठो, चीसो, स्वच्छ भावनाहरू
रोज मिसिन आउँछ हृदयमा
अभावको पूर्ति गर्न,
तप्त र दुःखीत हृदयलाई आफ्नो चीसो पानीले
शीतल पार्दै !
त्यसो नभएको भए आज हृदय पनि
नुनीलो, नमिठो भावनाको भण्डार हुनेथियो
यसको समस्त भावना सुकेर जाने थियो
रसहीन, स्पन्दनहीन—
र प्राण भएर पनि प्राणहीन हुने थियो

( ४ )

त्यसैले भन्छु यस मुटुलाई
कष्ट देऊ,
पीड़ा देऊ,
तड़पाऊ,
तर, सहानुभूति र प्रेमको--

अटूट धागालाई पनि योसँग मिसिन देऊ !
यसरी यसलाई बाँध्न देऊ—
भावनाको जेउरोमा
वेदनाको मोती गाँस्न देऊ,
अन्तरको भेल-बगाई
यसलाई तिमी गाउन देऊ,
रूवाई मात्रै नरहू
हाँस्न पनि देऊ !

## दुई कविता
### द्वारिका प्रसाद श्रेष्ट

:: १ ::

: मुक्ति धाम :

म कसलाई सम्बोधन गरूँ ?
मेरो आत्मालाई या
मेरी नभएकी प्रियतमालाई ?
मनका कुराले बाँध्दाबाँध्दै
आत्मा मेरो निर्बल भएको छ ।
असत्यलाई पुजारूँ
असत्यवादी बनुँला भन्ने आशंका छ ।
"......................"

तर होइन,
अहिले मेरो प्रियतमा नहुन्
मलाई सच्चा ममता पोखाँउन
कसैले जान्दै नजानुन्;
मेरो आत्मामा अङ्कित
मनगढन्त प्रियतमा शब्द नै होस्;
ए प्रियतमा !
आफनो अँध्यारो कोठा छाडेर
चिर–परिचित वस्तुलाई माया मारेर
यदा–कदा जब म भौंतारिन्छु

[ बनन्साठी

मेरो समिपवर्ती सम्मुखस्थित
कुनै बान्धवहरूका प्रकाशमय कोठमा गै
आफूलाई र अँध्यारो कोठालाई बिर्सी
तिनीहरूझैं मस्तीमा
हावासित कुरो मीत लगाई
कोठा थर्काउँदै हाँसी
अरूको उच्चारण सुन्नै नपरी
दिन यापन गरूँ जस्तो लाग्छ ।
प्रियतमा !
मेरो अँध्यारो कोठाभित्र
म कहिले तकियालाई म्वाइ खाइरहँदा
कहिले भित्तोसित ठुस्सिएर बसिरहँदा
र कहिले दलीनलाई प्रेमीले प्रेमीकालाई
हेरेझैं हेरिरहँदा
अनायास मेरो दृष्टि
त्यस प्रकाशमय कोठाभित्र पर्दा
म पनि तिनीहरूका छाल र हूरीसित
बगिरहूं जस्तो लाग्छ ।
..........................

तर प्रियतमा !
तिमिलाई थाहा छैन होला.
म जतिसुकै कोशिस गरे पनि
तिनीहरूसित बहन सक्नै छुइन,
किनकि मेरो अनुहार

तिनीहरूका सम्मुख
हाँसेको हुने छैन,
प्रकाश नपाई फुल्न नसकेको कोपिलाझैं हुनेछ,
म चाहन्न कि तिनी हरुका हाँसोमा म पासो बनूं ।

प्रियतमा !
म पनि सक्तो हूँ
सलाइ कोरेर कोठा उजिल्याउँन
हाँस्न नसके पनि दुइ हात र
कोठाको झ्यालको खापा र
भित्ता ठोकी
कोठा प्रतिध्वनित पार्न
तर
..............................
त्यति बेला मेरा हात-खुट्टा नभएका पाउँछु
र मेरो दृष्टिले अँध्यारो कोठाबाट
भूल गरेर नाघेझैं
गगनमा बादल ताराहरू सित
जिस्किरहेको पाउछुँ
साना-ठूला घरहरू
सुष्क-सुष्क अस्पष्ट कुरा गरिरहेको देख्छु,
र हरिया वृक्षलतादिहरू
हावासित फहराइएका देख्छु,
र यसै बेलाको गहिरो स्वासमा
आफू पनि जिइरहेको मालूम हुन्छ,

र मिल्दा दौंतरहरू अनगिन्ती भएका पाउँछु ।

... ...... . ......

र मलाई अनुभव हुन्छ
ती लठ्ठीएका सुखी मानिसले
मेरो आचरण चाल–ढङ्ग नदेखे पनि
किनकि प्रकाशमा बस्दा–बस्दै
तिनीहरूका आँखाले अँध्यारोमा कुनै देख्नै हुन्न
मलाई दुःख लाग्ने छैन
बरु खुशी लाग्नेछ
किनकि मेरो एकाकीपनमा
तिनीहरूले खलबल्याउन सकेनन् ।
र मैले मेरो कोठाबाट आँखा पाएँ
जुन आँखा अँध्यारोमा रमाएर
उज्यालिएको ठाउँमा दृष्टिपात हुन्छ
र मलाई सन्तोष भएको छ—
आमाको गर्भमा रहेर म जिउँदो नै थिएँ
बच्चामा रोएर हाँस्न जानेकै थिएँ
र अहिले पनि अन्धकारमा जिउँदो-जिउँदो रही
उज्यालिएका स्थानहरू देखिरहेकै छु
अझ मलाई विश्वास छ, प्रिया
'के के आनन्द पाउने'
अभिलाष मैले लिइरहेछु ।

प्रियतमा !
त्यसैले डराउँनु पर्दन,

अँध्यारोभित्र म त्यसै बिलिने छैन
तर खालि मेरो अस्तित्व खोजिरहेछु,
बुझ्यौ म एक बीजको कण हुँ
जुन अँध्यारोभित्र अंकुर फुटी
घाम-प्रकाश-छाँया-पानी-
लाई अभिन्न मित्र बनाई
तिमीलाई तीखो कण्ठ बनाई
चुम्न आउँने छु
पर्खिरहे !!!

:: २ ::

*: निजी लीला :*

दूर कोही बोलाउला
प्रियतमा,
नबोले हे, नबोले !
सुरिलो गान—
रसिलो नाच
सुन्न-हेर्न बोलाउला
हे, प्रियतमा
नसुने हे ! नसुने !!

हेर.प्रिया, यता हेर
ननाचीकनै नगाईकनै
हाम्रो मसानघाटको प्रेतको
तिम्रो-मेरो अगाडि

अस्थिपिञ्जर देखाउँदै
'कृष्णलीला' गरेको
देखेकै छौं ।
सुन हे, प्रियतमा सुन
एक साता देखि पल्टेको
तिम्रो कलिलो बाउभैं
त्यो गल्ली चहार्ने भिखमङ्गे
बालक हगी कस्तरी गाउँछ
……… कस्तरी नाच्दछ,
तिमीले सुनेकै होली !
तर हेर त, प्रियतमा—
त्यो टाढाको अबुझ गाना र
भावहीन नृत्य सुनेर र देखेर
कहीं तिमीले
सुनिरहेको र देखिरहेको,
नमीठो तर बुभने गाना
भंभटको तर मयालु नाच
सुन्न र देख्न भुलिदेउली !
त्यसैले हेर, प्रियतमा,
त्यो दूर देशको दुतलाई
भनी पठाऊ—
'मेरो बाबा ज्वरोले निस्लोट छ
मेरो लोग्ने हिंड्न सक्तैन ;
नाच-गानले मेरो मुटु चिरिन्छ ।'

# कविजी ! कविता लेखिदेऊ

धर्मराज थापा

कविजी ! हाम्रो कविता लेखिदेऊ !
अल्मलिएर घुमिरहन्छौं अन्धकारको बाटोमा,
खून चुहाई पोख्तै पसिना यै धरतीको माटोमा !
हड्डी फुटाल्दै चन्दन घोट्दै खिइयो हाम्रो जीवन-धन,
छड्काई मुटुभित्र कलेजा उम्लिरहेछ भकभकी मन !
कविजी ! हाम्रो हविगत हेरि देऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
पात झरेका वृक्ष पल्हाए चक्कर मार्दै आयो दिन,
रात बियायो भोक, तिर्खा, सन्ध्या आयो लामो नीद !
कुर्दाकुर्दै, हेर्दा हेर्दै, आफैं डरलाग्दो भो झन्,
चार मलामी केवल भारी पुग्ने हुनगो के जीवन ?

कविजी ! तस्वीर हाम्रो खिची देऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !

आफ्नै छोरो वर्ष पुगेर कर्म चिनौला भन्दै गो,
फर्कला त्यो भन्दा भन्दै सत्तरी मन्सीर गैगो,
एक आनाको एक धुरी छ, डोको बुन्ने दुइटा हात,
हँसिया-चन्द्र काट्तछ धान, काट्तछ हरियो घाँस र पात।

कविजी ! काला अक्षर कोरिदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
भेडा, वाख्रा हिड्ने पथमा सिस्नो पाती उम्रन्छ,

सिस्नो चुँड्दै, आँशु पुछ्दै, दिलको आँखा नै रून्छ !

कोसित मनको पीर पखाल्ने बैंहोले के सुन्ने हो ?
उर्लिरहेको जागृति भेल तिमीले नै के थुन्ने हो ?

कविजी ! थुन्ने कसरी भनिदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
खै, कहिले हो पिल्सिरहेको छटपट-आत्मा सरसिने ?
खै, कहिले हो हिमचुलीमाथि शान्ति-सुधा-रस बरसिने ?
यौटा भन्दछ– "छोड कविता बुन्ने-तुन्ने यी सब काम",
आत्मा भन्दछ—"विश्व-भुवन यो कसरी होला झलमल राम !
कविजी ! पायनौ क्यै सच्चा भेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
झर्नो झर्दछ बगर समाती घुम्दछ मनझैं काकाकूल,
लेक र गाउँ, नदी किनार फुलिरहेका राता फल !
ऋतु ऋतुको प्रकृति-छटामा रम्दै नाच्ने रमते मने !
भेउ नपाई अर्ध–चेतमैं घुमिरहे छौं हे भगवन् !

कविजी ! दुबिधा मेटिदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
पत्थर बाँझो धर्ती उधिन्दै तातो कलिलो मुट्ठ फोर्छौं,
आला ढीस्का पर्वत बोकी साहसमाथि दिल जोर्छौं;
पृथिवी यौटै, मानिस यौटै, आत्मा सबको यौटै हो,
धर्म र कर्म फरक भए पनि ईश्वर मठको यौटै हो !

कविजी ! माला यौटै गुथिदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
उही पुरानो चाल समाती बोल्दै रहने पर्वत लौ,
भत्किसकेको हृदय-मन्दिर कसले गर्ने मर्मत लौ,

मर्मत गर्ने, पत्थर फोर्ने, छौं जति राष्ट्रीय श्रमदानी,
अब कार्खाना कलको गाना गाइहिंडने हौं श्यामी !
कविजी ! इन्द्रेनीको सिंढी चिनीदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
मौन हिमालय चुचुरा बोल्छन् हलुका मधुरो भाषामा,
जीवन पिपिरा हल्लाईकन बग्दछ हावा पाखामा !
शीर ठड्याउ हरिया आशा ! भाँगिन देऊ लटरम्म,
मार्ग छोट्याउ कुर्कुच्चाले अब देखौंला सब सम्म !
कवि ! निर्मल छहरा बनिदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
राष्ट्र उचाल्ने छाल छचल्को भुलभुल फुट्ने हृदय-भेल !
मुक्त-गतिमा मीन-दुनिया बग्दै जान्छन् काट्तै नेल,
खेलन खेल नाट्य कवि हे पुरिएका छन् कति इतिहास !
भित्री आँखा बाहिर उत्रे क्षणभङ्गुरले पाऱ्यो नाश ।
कविजी ! बेथिति जाल काटिदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
डाँडाहरूका पत्र केलाऊ, भीर पखेरा डब्डूरमा,
आदिमवासी छन् कति नाङ्गा पीर व्यथाको जन्जीरमा ।
झर झर वर्षा ! खोला नाला हिउँको लगलग काँढामा,
बाँधिई अल्झिई युग-युगदेखि जलिरहेछौं डांडामा ।
कविजी ! डाँडाको मन तिमि भैदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
बौलाझैं मनपरी चाला गर्दै बग्ने जल-नाला,
शक्ति खन्याई वैज्ञानिकको बाँध्दै बालुन् नव-उज्वाला !
कोट-कोटमा, बोट-बोटमा अग्ला चुचुरा थुम-थुममा,
नव-युग डाक्ने कर्नाल फुक्तै रंग छरौंला कुम-कुममा !

कविजी ! जन्ती कमीला तिमी भैदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
हाम्रो निर्मल मनको छहरा पर्वतमाथि बग्दै छ,
हँसिया, डोको, कूटो, कोदालो सँगसँग जीवन चल्दैछ ।
आँखा हाम्रा भित्री मनका पर्वतका तिमी नौला धून !
टप्प समाती विश्व-मन्चमा लैजाने अब आयो दिन !
कविजी ! दुःखको बोझा बोकिदेऊ !
कविजी ! हाम्रो कविता लेभिदेऊ !
तिम्रो उज्जल शान्त सरोवर हृदय गहिरो कविता धून,
मेची र काली हर्ष उमाली गाइरहेछन् नित गुनगुन ।
काँचुली फेर्ने स्वर्ण-गगनमा उड हे शान्तिका रजहाँस !
चम्क्यो, चम्क्यो, लम्क्यो, लम्क्यो, नेपाली जीवन मधुमास।
कविजी ! तमको बिजुली तिमी भैदेऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !
धप्प बन्यो अब एशियाको मानवतामय कुसुमित प्राण,
गौतमको, घर कान्ति नगरमा गाऊ जीवनको जयगान ।
अजय रहूँ भन विश्व-मुकुट हे ! स्वच्छ तपस्वी शान्त हिमाल !
पञ्च देवता ! जनशक्ति खिलेर अमर रहोस् है यो नेपाल !
कविजी ! स्वर्ग झरालि देऊ !
कविजी ! हाम्रो कविता लेखिदेऊ !

## यो तस्वीर

नरबहादुर दहाल

वसन्तको कुसुमित फूल बनेर हाँस्ने उसको यौवन,
अग्नि-ज्वालले जलाउन नसक्ने उमंगित उसको जीवन ।
गाला बीचमा हर्षाश्रुको सङ्गम बनेको नीर ।
कविको कल्पनाले भेट्न नसक्ने उसको अलौकिक तस्वीर ।

कागजको मुक टुक्रा होइन लुकेको छ जसमा इतिहास;
रोदन क्रन्दन विवशताको दर्द भरेको उच्छ्वास ।
जल्न लागेको अन्तरको यो शीतल स्वच्छ समीर ।
यस जीवनको वैभव मेरो प्राण प्रमुदित तस्वीर ।

तिर्खा लाग्दा चाहिन्न पानी मेटिन्छ यसले प्यास;
एकान्तको त्यो शून्यपनालाई जसले गर्छ विनाश ।
अहिले मलाई मर्न नदिने मायाको जञ्जीर,
जीवन-पथको साथी मेरो यै एउटा तस्वीर ।

'तिम्रो कोखमा मर्न म पाउँ'—यसको मूक उद्‌गार –
बन्द होउन मेरा नयन युगल यो हेर्दै तिम्रो मुहार,
भावुक आकांक्षा सुनाई दिलको बनाई व्यथित अधीर ।
स्वप्न-स्वर्गिक साकार पार्ने हाँसिरहेको तस्बीर ।

# मादक विश्व

'परिमल'

चमनको बागमा चम्चम लता चम्क्यो,
गगनको बागमा गम्गम सुधा गम्क्यो ।
बिपिनको वेदना ली कोयली घन्च्यो,
खुकुलो भैरहेको वेदना तन्क्यो ।

जवानी जीवनी जाओस् त्यहाँ,
सुरीली सूरली आओस् त्यहाँ ।
मदीली मादली जाओस् त्यहाँ,
इर्ष्या गरून् देवता देवीले त्यहाँ ।

मगनको आज आन्दोलन,
मगनको दैवी संयोजन ।
धरावासी जगत् तनमन,
रमण गर्छन् कविमा झन् ।

उता देखे नदी मादक,
यता झन् प्रेयसी पावन ।
जता देखे त्यतै झन् झन,
मगन मन माद ली तनमन ।

बचा ए ! सृष्टिकर्ता तँ,
म देख्छु दिव्य आकर्षण ।
बनाइस् विश्व किन यस्तो ?
खँदीलो मादमय मोहक ।

मधुर यो मध्यहृदयान्तर,
छिपेको भावना, सत्वर ।
भुलाई मध्यमायान्तर,
नष्ट नगर विन्ति, ब्रह्मेश्वर ।

जगत्को जीवनी चमचम
मनुको मानवी मगमग
धराको घोर घन्काई,
फिंजाइदे, कवि पगपग ।

## अङ्गालो

पोषण प्रसाद पाण्डे

एउटा सिङ्गै आकाश अँगालेको छु ।
दिनको किरणलाई छेकी अन्धकार बिछ्याएको छु ।
सूर्यलाई हेर्न मन लागे
ऊ ''''''त्यता तिर भन्दै पठाएको छु ।
एउटा सिङ्गै आकाश अँगालेको छु ।

यहाँ तारा खोज्न आउनेलाई,
इतिहास यहाँको लेख्न आउनेलाई,
अँध्यारो अँध्यारो कुनामा टल्केको
आँशुको थोपा टिप्तै देखाएको छु ।
एउटा सिङ्गै आकाश अँगालेको छु ।

कसैको खेत बाँझो परेको,
कसैको हृदय सुख्खा भएको,
पृथ्वी गर्मीले छटपटाएको,
के हैन बादल नआएर ?
दीप यस्सै जल्ने हो भने
राग मल्हार गाएको छु ।
एउटा सिङ्गै आकाश अँगालेको छु ।

## एउटा प्रश्न

मनबहादुर गुरुङ

नेपाल फिर्ने काँइला दाइ,
सम्चार मेरो के भन्यौ ?
बूढी मेरी आमाले सम्चार सुनी होलिन,
दुःखीत मेरो जीवन सुनी आँशु बहाइ होलिन् ।
बहिनीले खबर सुन्दा हर्ष मनाई होली,
आशिषको कोसेली मात्र दिंदा मुख बनाई होली ।
पल्लो घरको जेठा भुजेलले 'भुल्यो' भन्दो हो क्यार !
साम्झना छ हृदयमा भन्यो के नमस्कार ।
बालकमा काखी च्यापी घुमाएको थाहा छ,
मघौरो म छँदाखेर सुमसुमाएको थाहा छ !
बालसङ्गिनी हृदयकी कस्ती भई होली,
दूबो जस्तै मौलाएर ठूली भई होली;
हृदयमा अभ्र बोल्छ उसको खिरीलो बोली,
स्मरण छ मेरो भनिदियौ अन्तर हृदय खोली ।
दीन जीवनं संकटमय छ,
दुःख भन्यौ कि, सुख भन्यौ,
नेपाल फिर्ने काँइला दाई,
सम्चार मेरो के भन्यौ ?
दिन बित्ती रात लाग्छ, कल्पनाले धाउँछ,
अधिको सुखमय जीवन उर्ली सपनामा आउँछ ।

पिल्सिएको घाउ दर्द हेरेको सबै पोखेर
भनी देऊ है काइँला दाई, एक छिन रोकेर ।
दशैँ तिहार आइपुग्दा मनमा भावना जाग्छ,
सम्झनाको बाढले नेपालतिरै डाक्छ ।
सुख–दुःख खबर जम्मै सदैव म सुन्छु;
सुखको सम्चार सुन्न पाउँदा हर्षित म हुन्छु ।
कर्तव्य पूर्ण भई जीवनमा सुख आउने छ
त्यस दिन मात्र हाँस्दै छोरो चरणमा ढोग्न आउने छ ।
यस घरी कष्टको पीडामा झुल्दै जीवन उसको बसेको छ,
आमाको रूवाई बन्द गर्नु नै छोरो मुग्लान भासेको छ ।
जीवन दीप उज्ज्वल छ,
सुख भन्यौ कि दुःख भन्यो
नेपाल फिर्ने काइँला दाई
सम्चार मेरो के भन्यौ ?

# खरीको बोट

माधवलाल कर्माचार्य

खरीको बोट मैले आजै पनि देखें
टुँडिखेलकै बीचमा
एक्लै,
अलग्गै,
हाँगा-बिंगा हल्लिरहेकै
पातहरू सुसेली रहेकै
खरीको बोट मैले आजै पनि देखें।
सर्दै नसरी उहीं
कहिल्यै कुनैमा भागै नलिई
बाँचिरहेको
खरीको बोट मैले आजै पनि देखें।
कति पुस्ता मान्छे आयो
कति काण्ड त्यसै हेर्‍यो,
कति बिगुल,
कति रिसल्ला,
कतिं कूच,
हड़बड़ हेर्‍यो
कति उथल कति पुथल
हेरी-हेरी यहीं बस्यो,

यत्रो भीडमा त्यत्रो हूलमा
कहिल्यै कहिल्यै न ता पर्‍यो,
भागै नलिई खालि हेरी
जुगौं भो त्यो यसरी बाँच्यो ।
खरीको बोट मैले आजै पनि देखें ।

# जोगिनी

मुकुन्दप्रसाद 'वियोगी'

मेरो यौटै चरम चुलि यो स्नेहमाटुप्पिएको,
भाषा नौलो रस र रचना भावना फैलिएको ।
आँशू पोखी दिन दिन उसै जोगिनी हुन् बनेकी
बस्छिन् प्यासी सकल हृदयी आशमा गाँसिएको ।

राखी छाती विरह रसना तृप्तिका टाकुरामा
साँची नौलो मधुर सपना भाग्यका आँकुरामा ।
चीसो हावा कुसुम वनको पालुवामा डुलेर
भर्छन् माया सरस जसका सम्झनामा छुएर

उड्छन् पन्छी फरफर नभमा भाव खेल्छन् जुनेली ।
रोकी कैयौं समय गह्मा उर्लिएकी नवेली ।
आई पुग्छन् सलल बहँदै बाग्मतीका किनार
भाले पोथी मयुर उनका हुन् कि गर्ने सुसार ।

दिन्छन् वास्ना सरस फितलो ओठका फूल राम्रा
चिन्ता बोकी विगत दिनका मुस्कुराएर हाम्रा ।
मौरी घुम्छन् अनि वन वनै फूलको गन्ध पाई
बैंसालूको हृदय भरिने प्रीतिको गीत गाई ।

[ सतहत्तर

सन्ध्या छायो भनि दश दिशाबाट कुर्लिरहेका
रोई रोई विरह मनमा ब्यूँ झने न्याउलीका ।
गर्दै माया तलतिर निशाको चिसोमा सुसेली
रोई उठ्छन् उपर रूखका एक जोडी जुरेली

होउन् टाढा अब विरहका जिन्दगी त्यो कठोर
प्याउन् प्यूँदै चिर मिलनका प्रीति प्याला भरेर ।
हाँसी हाँसीकन सहचरी चाँदनी रातलाई
बाँधुन् छाँया तलतिर बसी प्यारमा मुस्कुराई ।

धारा बग्ने शिशिर ऋतुको यै हिमाली गुफामा
फुल्छन आशा-कृतिमय सफा भोली कुन् टाकुरामा ।
पर्दा मेरो तर हृदयमा मानिनीका निशान
लिन्छन् पारी चरम चुलीका चन्द्रमाले बिसान ।

# सिंहिनीःलालसाको अग्नि-कुण्ड

मोहन कोइराला

सिंहिनी झाङ्गमा लुक्छे बासी हाड चपाउँदै
लेउले ढाकेको पहेंलो ढुङ्गामनि अरू हरियो छायामा
सिंहिनी झाङ्गमा लुक्छे बासी हाड चपाउँदै

सुन-ढुक्कुरले ठुँग्छ बासनाले उसको छातीमाथि
पानी-धोबीले कुत्कुत्याउँछ उसको भित्र डँडाल्नुमाथि
काँचो-पशुको मासु-मातले काँचो-पशुको रगत-मातले
जब सिंहिनी व्यूझन्छे यौवनको संतप्त झाङ्गबाट
जब सिंहिनी निस्कन्छे यौवनको परितप्त बन्धनबाट
हा-इ, आङ० र आँखा बटार्दै
स्याहार्दै रातो नङ०-छुरी चाट्दै
माउरे कुर्कुच्चामा लच्केर
नृत्य गर्छे दृढताले खुट्टा संचालित गर्दै

मोहित झोंक स्वर्गसुखबाट लम्किन्छ
आफ्नो कलिलो प्यास अप्यास गर्न
प्रसूति-वेदनाले सिंहिनी दौडिन्छे कन्दै ठुस्सिदै
गुफामा व्याउन जन्माउन

जब मिर्ग भोका हुन्छन् पानी र पिपिरामा
जब मिर्ग तृषित हुन्छन् उफ्नु र खेलूकदमा।

[ बनासी

बहाना गर्दै दौडिन्छन् तिनीहरू पानीको पनेरोमा
दौडिन्छन् तिनीहरू चौर स्याउला दूबोमा
त्यहाँ मिर्ग मोहित हुन्छन्

वसन्त शिशरले काटेको घुमुर्के सिंहिनी-खालमा
काँडा र झिक्राले बटारेको रेशमी चम्किला जगरमा
अनि रगत फुट्न लागेको उसको रातो धुतुनोमा
त्यहाँ मिर्ग मोहित हुन्छन्

सुडौल नाकका पोरा फुकेर कसैलाई बोलाए बोलाएझैं लाग्छ
बलिष्ट सपेटा पाँसुला उचालेर कसैलाई डाकेको डाकेको लाग्छ
छरिता नङ०-छुरीले गाडेर कसैलाई तानेको तानेको लाग्छ
मिर्ग एकै टकसित आँखा जुधाउँछ आँखामा आँखामाथि
नहटाई नझिम्काई सिंहिनी चुलबुले नानीमाथि
झाँक आनन्दले हामफाल्छ एउटा अदृष्ट खोलामाथि
उ स्वर्गतिर डाकिन्छे
झाँकहरू विदा हुन्छन् कन्दै ठुस्सिंदै शिथिलतासित खुम्चेर
सिलोटमा बधा कोर्दै केर्दै बच्चा लिन हुर्काउन

सिंहिनी साँझतिर लुक्छन् ठाउँ ताकेर मौकामा
विना सास विना आवाज
मिर्गहरू पुच्छर कसेर दौडिन्छन् वेदनामा
त्यहाँ सिंहिनी झस्किन्छे नीलो नीलो सन्ध्यातिर
नीलो यौवनको झाङबाट
रगतको तातो सुरमा शुरिंदै
रातो नङमा चाट्दै चुट्दै
बाँकी रातो जिब्रो-रुमालले पुछेर

बसित सतित्व हुन्छ
पत्नीको अनुहार बनाएर अरू जातिको मुखमा नहेर्ने

ज्योतिष-साम्राज्यमा जसको विजयी ढोका सँधै
सुनको कुचोले बढारिन्छ
( ब्रह्मचर्यमा उ अट्टहास गर्छ । )
जो लुकेर देख्न सक्छ टाढा झाडबाट
नचालिकन आँट्न सक्छ टाढा टाढा वेनियमबाट
डाक्न आवश्यक छैन शिकार दैलोमा हाजिर हुन

जब सुस्त,–जंगलबाट शाही-सवारी चल्दछ
शिकारी मस्त ठगिन्छन्
उ जंगली लहराको फूल टिपेर
ईर्षालु बन्दै टाउकोमा घुसार्छ
पिठ्यूँलाई खस्रो पहरोमा दरालेर

# दुइ कविता

मोहन हिमांशु थापा

:: १ ::

*:: गीत गुन्ज्यो होला ::*

अँध्यारीको राजमा शून्सानको काज छ ।
आज उषाको लाजमा बिहानको साज छ ।
कालो कालो रात भएको ठाउँमा,
प्रिय बसेकी त्यो मेरो गाउँमा
कुखुरा आज बास्यो होला !
गीत कति गुन्ज्यो होला !

गुराँस फुल्ने बनमा दिनको नौलो मन छ,
बैंस आएको तनमा नयाँ खुल्ने पन छ ।
तीखो तीखो भएको काँडामा,
प्रिय बसेकी त्यो मेरो गाउँमा,
चीसो बतास घुम्यो होला !
गीत कति गुन्ज्यो होला !

रोइदिने त्यो आँखामा नौलो राम्रो भाका छ ।
घाम छाँया खेल्ने पाखामा गीत छुट्ने शाखा छ ।
सँग्लो सँग्लो चल्ने पानीमा,
प्रिय बसेकी यो मेरो नानीमा,
खोल्सा आज गहिरो होला !
गीत कति गुन्ज्यो होला !

पात-पातको गानमा आफैं चोलाको शान छ ।
बतास चलेको भानमा पालुवाको आह्वान छ ।
सगुनको त्यो हरियो भेषमा,
प्रिय बसेको त्यो मेरो देशमा,
बसन्त कति आयो होला !
गीत कति गुन्ज्यो होला !

:: २ ::

*: चराले आज गीत गायो :*

उड्न चाँहदा बुझ्न नपाएको,
कहीं हिड्न खोज्दा पींजड़ा पाएको,
चरा मुक्त भयो टाढा कतै विश्व बन्धनको प्रस्थान पायो
चराले आज गीत गायो

अगाध व्यथामा रोइरहेको रातमा
कसै-कसैलाई खोजिरहेको साथमा
सहारा पायो आज प्रभुको—नव-निर्माणको प्रभात पायो
चराले आज गीत गायो

खोलाको तीरमा आँसु अर्घ दिएको
केही बिर्से जस्तै टोलाइ रहेको
सितारा पायो दूर कहिंको—युग आह्वानको स्वागत पायो
चराले आज गीत गायो

# चार मुक्तक

रामप्रसाद श्रेष्ठ

: एक :

हट् ए ! मृत्यु अझै ममा प्राण बाँकी छ,
हाड़ पनि शुस्क भइसक्यो तर
काँचो काठभन्दा बढ़ता बास
आउँछ सुकेको चन्दनबाट ।
मृत बालुवाले जीवित धारालाई
आफ्नू अंकमा थुनिराख्न सक्छ·······
भने जिउँदो छँदाछँदै
एक हिका प्राण हुँदाहुँदै
मृत्युलाई पनि छोप्न नसकुँला म ?
पर्ख ! ऐले सबैको पालो आउँछ,
तिम्रो पनि आउला;
सम्बन्धको काँचो धागोले कसिकसाउ छु,
प्राण बाँकी छ ।
हट् ए मृत्यु ! अझै ममा प्राण बाँकी छ ।

: दुइ :

रूप बदलिंदैन, बदलिन्छ हाम्रो आँखा,
उज्यालोमा सूर्य माथि उदाउँछ,
त अँध्यारोकोनिम्ति चन्द्रमा छँदैछ ।
दिनको प्रकाशमा हामी तातोपना पाउँछौं
र रातको तिमिरमा मीठो. चीसो
हरियोलाई कालो देखें भनेर

रङ्ग बद्लिँदैन, बदलिन्छ हाम्रो दृष्टि ।
सुख पाउँदा मोज मानी बसेको
अनि दुःख आउँदा शोक मानी बसेर मात्र······
बाटो बद्लिँदैन, बदलिन्छ हाम्रो पाखा,
रूप बद्लिँदैन, बदलिन्छ हाम्रो आँखा ।

: तीन :

वासनालाई साकार तुल्याई
शिवजीको काखमा पार्वती बसिरहेको प्रतीमा
पुजित छ सर्ववन्दित ।
उनी अलौकिक रे !
लौकिक प्रेमी प्रेमीकाले प्रेमलाई उच्याएर
आदर्शको चुचुरोसम्म पुऱ्याउन खोजे पनि
त्यो घृणित र सर्व-दलित !
अनि मानिसको स्वच्छन्दता
······उसको जीवन······
नैतिकता भनाउँदो चार कुने पाङ्ग्रो गाँसी
कति टाढा पुग्न सक्ला र ?

: चार :

छेनीको कठोर प्रहार द्वारा
कलाकारले ढुङ्गा कुँदी-कुँदी बनाएको
मूर्त्तिमा प्राण टाँसियो ।
प्रकृतिको अनवरत चुटाइले
प्राणपुरित मेरो सुन्दर कायाबाट
सजीवता लुप्त भयो,
जुनीको सार्थकता त्यसै मासियो !!!

## उनको काखमा
राजेन्द्र खतिवडा

रात्रिको निस्तब्धता
उनको स्पन्दन रहित काखमा
सुतेको त्यस क्षणिक बेलामा
कतिले चाहेको काखमा
जीवनको आशा पूर्ण भएको देख्दा
मनको लहडले गर्दा, भुइँ छोडेको क्षणमा
त्यो निस्तब्ध रातमा
प्यासले गर्दा आफूलाई बिर्साई
चरक्क चिरिएको मनले
जगत बिर्साई
उनको काख थिचिन गएको बेलामा
मनको उद्वेगले बाटो छाडेको बेलामा
अनि स्पन्दन को त्यस बेलामा
उनको शीतल काखमा।
कामेका हात परेर
झल्यांस्स बिउझिन पर्‍यो
सम्झिनु आफूलाई—
त्यस बिर्सिएको पथमा ।

लम्पसार परेर सुतेको एउटा नारी-तन
जीवन रहित आशाले
मनको आशाले

उनको स्वासले गर्दा
उनको उठेको स्वरले गर्दा
मनले बाटो छोडेको त्यस बेलामा
जीवनलाई जीवन न पाउँदा
मन खिस्रिक्क भएको बेलामा
फेरि त्यो शरीर देख्दा
जीवन ल्याउन खोज्दा
उनलाई झल्यांस्स पार्ने बेलामा
मनले गुनेको बेलामा
मनले सुनेको बेलामा
आफैं सम्झिन थाले—
'म के त्यो काखमा फेरि सुत्न पाउँला ?'

## गुनासो

लक्खीदेवी सेवा

अशान्तिको सागरबीच,
पौडिखेलिरहे पनि,
तिमीले ता शान्ति देऊ।
यी हवा, बतास, आँधी, तूफान
यी झरी, वृष्टि, झरीमा,
आई शान्त्वनाको खस्याक खुसुक गर।
यी उडी हिंड्ने पथभ्रान्त बादललाई
सन्देश पठाऊ मलाई,
यी विरही नेहुलको कण्ठमा
यी झरनाको गीत र--
खोलाको सुस्केरासित,
तिमी—तिम्रो मृदुल स्वर सुनाउ।
मलाई मार्न मेरो पीडा,
अन्तर वेदना र ज्वाला,
प्रसस्त छ-----।
मलाई विषम परिस्थितिले प्रत्येक पगमा कोर्रा लाउँदैछ,
दीनताले घाँटी अँठ्याइरहेछ।
मलाई यस सभ्यताको चपेटामा निस्सासिनु परेको छ
तर तिमी-----
आदर्शवादको नकापोशमा होइन,
यथार्थवादको झुत्रोमा मेरो अगाडि आऊ।

मेरो यस कुँजिएको खुम्चिएको प्राण,
तर प्राणको-----
स्वागत गर्न यस कुत्रोमा लजाउने छैन,
तिमी तिमो खस्रो हातले मेरो आँशु पुछ;
म नास्ति गर्दिन-----
ती ता छन् औ रहन्छन्,
तिमिले ता यस आँशुको घडा पो पिउनु छ ।

मलाई ती मुखे सहानुभूति राख्नेहरूसँग के सरोकार ?
ती ता आँशुपु छदै थप्नेहरू,
ती ता अङ्कमाल गर्न आँउदै
मेरा कलेवरमा सुइरो घोच्ने हुन् ।
मेरा अन्जुलीमा फूल भन्दै काँडा भर्ने हुन् ।
मलाई यी फोस्रो उत्साह र प्रेरणासित के ?
ती ता प्रेरित गराउँदै
माथि चडाउँदै······
मेरा बूटामा खोस्ने हुन् ,
मलाई निमिट्यान्न पार्ने हुन् ।

मलाई यी बोक्रे उत्साहीहरूसित के ?
जस्ले मलाई चङ्गा तुल्याई आकाशमा उडायो,
उडें म माथि, माथि,
तर ···
धागो छिनाली पृथ्वीको सतहमा गाभिदियो,
औ मोजको रमिता हेर्दै,
खिल्ली उडायो·······।
मलाई ती धूर्त अङ्गरक्षकहरूसित के ?

जस्ले मेरो स्वाधीनताको घात गऱ्यो,
मलाई कलपूर्जा तुल्य र……
काठका पुतली सरी,
धनीहरूका तालमा नाच्न लगायो
र सस्तो नेतृत्वको धाक जमायो।
मलाई ती पथप्रदर्शकहरूसित के ?
जस्ले मलाई उज्यालोतिर लाने तातो विश्वास दिलाई
बाटो बिराएँ भन्दै खाल्डोमा हाल्यो।
लङ्गडो तुल्यायो मलाई,
लडें म उठ्नै नसक्ने गरी।
ती कुटिल प्रेरकहरूसँग के ?
जो सहानुभूतिका मीठा शब्दले,
मेरो चर्चराएको घाउमा नून छर्कंदै,
तमाशाको खेलाडी तुल्याई,
उत्पीडनमा मजा मान्ने हुन्।
मलाई यस्तो फोस्रो दया, सहानुभूति, स्नेह र प्रेम
चाहिएन…।
चाहिएन यस्ता बोक्रे श्रद्धा।
मेरो रोएको प्राण ता
तिम्रो बोली सुन्न लालायित छ।
चाहे त्यो अभिशाप होस् या वरदान,
लान्छना या सद्भावना,
तिम्रो दृष्टिले, तिम्रो वाणी ले,
तिम्रो स्नेहको फट्कारले,
मेरो गोडामा शक्ति ल्याई

यी पहरा लंघन गर्नै तुल्याउँछ ।
मेरो सन्तप्त हृदयमा
अशान्ति होइन महाशान्ति,
घात होइन वज्रघात
दिए पनि.........
वरदान म सम्झने छु ।
रित्तो झोलो भर्ने छु ।
म तयार बस्ने छु भोलिलाई,
भन प्रतीक्षा गरूँ केलाई ?

# संघर्ष

लीलाध्वज थापा

आघात, प्रतिघात, सङ्घर्षण ""निर्माणकला हुन् यी
लक्षण हुन् उन्नतिपथका जो निस्कन्छन् शत्रु भई
शत्रु हुन्छन् कर्मठ वीरका जिउँदा तत्वहरूका
शत्रु हुँदैनन् कुनै व्यक्ति पनि निधो, मुर्दा, जडका ।

विपरीत तत्व यदि नभए को निस्कन्थ्यो वीर भई ?
कुन औषध, कुन अस्त्र-शस्त्रहरू बन्थे दुनियाँमा यी ??
जन्तुहरूका हुँदैनथे सीङ तीखा नङ्ग्रा दाह्रा;
युद्ध हुन्नथ्यो कुनै किसिमको हुन्थ्यो न क्रान्ति नारा ।

युद्ध नभए सन्धी हुँदैनथ्यो, क्रान्ति नभईकन शान्ति;
राजनैतिक तत्व हुँदैनथे, प्रभुसत्ता न महान् ती
संग्राम, सन्धी र क्रान्ति, शान्ति-राजनीति, कूटनीति—
विपरीत तत्वले निक्लन्छन् यही छ प्राकृतिक रीति ।

रावण नभए राम हुन्नथे, कृष्णावतार त्यस्तै ।
मुहम्मद जीजस क्राइष्ट पनि बुद्ध र शंकर जस्तै ॥
विपरीत तत्व भई जन्मिए समसामयिक चालमा ।
ती विद्रोही अझै अमर छन् यो विश्व-इतिहासमा ॥

संघर्षणशील संसारको अस्तित्व छ संघर्षण ।
प्रत्येक वस्तु अनि अणु-अणुको पनि यहाँ छ प्रतिपल रण ॥
यही संघर्षण वस्तु-सिर्जन, यही छ मृत्यु र जीवन ।
यो नभए केही हुँदैनथ्यो, हुन्थ्यो दुनियाँ निर्जन ॥

निर्जन दुनियाँ पनि हुन्नथ्यो संघर्षण-शक्तिविना ।
अब यही घर्षण-शक्तिको नै भो नामकरण नाना ॥
भगवान्, प्रकृति, ब्रह्म, शक्ति, इन्द्र अथवा ग्रहगण-संयम !
तर, वास्तवमा विपरीत तत्व यो आफैं विश्व-नियम ॥

शून्याकाशमा अणु, परमाणु गति विपरीत हुनाले—
परस्परमा संघर्षण गरी स्वयं रूमल्लिन थाले ॥
कतै रूमल्लिए मौरी जस्तै भईकन गोलाकार ।
तर गूटबन्दी भिन्न पनि ती संघर्षके अवतार ॥

ती अनन्त अणुका दलबन्दी गोलाको आपसमा ।
घोर घमसानको जुद्ध पर्‍यो गहीरो आकाशमा
कुनै आफ्नो खँदिलो जोडले प्रचण्डतामा बल्दै—
भस्म गर्थे अरू गूटलाई, लिन्थे या त समेट्दै ॥

त्यो विकराल ग्रह-संग्रामको संसार यो—
कस्तो होला ?— केवल आगो, आगोको मुस्लो त्यो !
शब्द भयङ्कर सुनिंदो होला—सुन्ने कान भएमा ।
वायु सृष्टि त पहिले नै भयो गोलाका ठक्करमा ॥

जब हावाको बम पड्केथ्यो–मच्चियो भन संग्राम ।
अग्नि वायुको सम्मिश्रणमा कति दल भए भकाम ॥
अणुका गोला जुधे, फुटे, कति चोइटे त्यो घर्षणले ।
गोल, थेप्चा, लाम्चा भई कति अड्के आकर्षणले ॥

जुधे -फुटे, कुनै र सेलाए शेष रहेका दलमा–
तानातानी चलिरह्यो त्यो आफ्नो आफ्नो बलमा ॥
तान्न त तान्थे तर आफूले उल्लाई पनि तान्दा
बल नपुगी बीचमै भुण्डिए घुम्दछ तर बल गर्दा ॥

त्यसरी ग्रहगति घुम्ने गर्दा, ओल्टे–कोल्टे पर्दा–
अनेक विपरीत द्रव्यहरूको भयो दनादन पैदा ॥
टल्के, भल्के, चम्के, घुम्मे–बल्यो त्यो कुनै ग्रह आकाशमा ।
दिन, रात छुट्टिए सीमित भै–नियमित एकनासमा ॥

असंख्य तारा, नक्षत्रहरू गरी गगन नै उज्ज्वल,—
आपसको त्यो आकर्षणले भुण्डी भल्के भल-भल ॥
सूर्य उबल्यो यही पृथ्वीमाथि, न्यानो घाम फिंजाई ।
अनि रूपौला चन्द्र टल्कियो-ज्योति सूर्यकै पाई ॥

यस्तो मनोहर प्रबन्ध भयो,–ग्रह-प्रतिद्वन्द्वितामा,
तैपनि पृथ्वी सन्तप्त हुँदा जीव भएनन् यसमा ॥
न कुनै यहाँ रूख पात थिए-यहाँ न षड्ऋतु घुम्थे:—
संघर्षणका दागी–केवल नाँगा पर्वत हुन्थे ॥

अनि हजारौं वर्ष बितेपछि-हावाको घर्षणले ॥
पृथ्वी चिसिईकन बाष्प जम्या-थोची सूर्यकिरणले ॥
( द्रव्यहरूमा हावाप्रमुख हो,-छ यही जीवको सास ।
सास छुटन्जेल प्राणीहरू गर्छन् हजारन् आस ॥ )

त्यो हावाले बाफ उडाई मेघ बनायो नभमा—
संघर्षण गरी वर्षा गर्‍यो जलधारा यो जगमा ॥
जलदान पाई पृथ्वी अनि हराभरा भै सारा
कीट-पतङ्गहरू सृष्टि भए संघर्षणका प्यारा ॥

जलचर, थलचर प्राणीमध्ये निस्क्यो वानरपछि नर,
परस्परमा संघर्षण गरी यो भो उग्र भयङ्कर ॥
यसले हिंसक जन्तु लडायो आफनो बुद्धि र छलले;
यसले सारा विश्व कँपायो संघर्षणको बलले ॥

मन्छेको यो विकास, उन्नति, रण-वैज्ञानिक कौशल,
निर्माण-कला, घात-प्रतिघात संघर्षण हो केवल ॥
यसले बनायो हतियार कति, कति यसले युद्ध गर्‍यो,
गुड्यो, उड्यो, कति प्रशान्त तर्‍यो गर्नु-नगर्नु गर्‍यो ॥

धर्म बनायो, नीति बनायो संघर्षणकै यसले ।
यो मानिसले नाम कमायो संघर्षणकै बलले ॥
आज साथमा विश्व-विनाशक, विस्फोटक अस्त्र लिई-
विश्व-शान्तिमा गर्छ एकता यही बढो साधु भई ॥

## केही कविताहरू

वासुदेव वैद्य 'शशी'

:: १ ::

तिमी फूलमा सुत, जाऊ प्रिय,
म काँडा भै पहरा दिन्छु !
माली नउठुन्जेल, नहुन्जेल....
प्रभात, मीठो निद्रा दिन्छु !

अनि सौरभमा तिमी उड्नु, म
पवन बनी रूमलुँला !
यसरी प्रिय, मधुर मिलन यो
चिर सुरक्षित पारौंला !

यसरी जीवनभर प्रणयाम्मृत
परस्पर छर्किरहौंला !

:: २ ::

प्रतिक्षण प्रतिपल तिमीसित नै छु
....यस्तो लाग्छ मलाई !
लाग्छ मलाई चिन्ता तिम्रो
प्रेरणाम्मृत पिलाऊ !

तिमी चाहन्छयौ मेरो स्वर्णिम
जीवनको उच्च विकाश ।

संसार सरस सरल औ प्रिये
गन्छ अनि मेरो सहास !

आज प्रकृति दिन्छिन् मलाई
सुमनको सर्वस्य सुवास !

:: ३ ::

जल्दै साथै दीप र शीखाझैं
बाधाको तम नाशेर
पारौं ज्योतित जीवन–रात्रि
आऊ, बलिदान दिएर ।

सौरभले नै मारूतसितझैं
तिमीले नै साथ दिंदा
हुन्छ निरूपायी मालिझैं सब
मेरो पनि हात हुँदा ।

अनि छम्कौंला शशी र छविझैं
गरी तिमिरमा क्रीडा !

:: ४ ::

उराठ लाग्दो यो बदलीको साँझ
थाकेका यी सब दृश्यहरू
ओइलाऊँ ओइलाउँझैं गरिरहेका
करबलले फुल्दा यी फूलहरू ।

भत्केको मन यो शिथिल शिथिल तन
असफल मेरा प्रयासहरू
अनकन्टारको यो शून्य अँध्यारो
भविष्य भग्न मनोरथहरू......

के पर्याप्त छैनन् अनि-च्याउन मलाई
यी हारेका आशाहरू !

:: ५ ::

शशी-सत्यभैं साथ थियो जब
थियो कहाँ तमको भय ?
सत्यको छवि शशीको प्राण
थियो प्रणयको अभिनय !

चिनेथे सबैले जसलाई
हूँदा सत्यको आत्मीय......
के भएनथ्यो सत्यको पनि
शशीको सँगमा जय ?

गर्‍यो कति निष्ठुर प्रातले तर
दुवै अस्तित्वको क्षय

:: ६ ::

नचिरिकन पत्थरले उर
नदको संगीत घन्कन्न !

नसल्की स्वत दीपमा पुतली
ज्योर्तिमय बन्दैन !

नपिल्सी के तममा तारा
हुन्छर कैल्यै प्रशन्न !
गाउँछ आफनै तन रेटेर
घायल वीणा अविच्छिन्न !

गाँस्दै आगनै आहत अन्तर
उन्छु म पनि काव्य उद्विग्न !

# केही कविताहरू

विजय मल्ल

:: १ ::

:: *सूनसानमा* ::

सूनसानमा
मानो करूणा चित्कार सुनेझैं
रगतको गाढा अन्धकारमा,
छटपटाएर व्युझन्छु आफैं आत्तिएर, तर्सिएर ।
जून छितरिएको छ चारैतिर
सूनसान मौन छ, विषाद युक्त ।
कतै छाँयासम्म चल्मलाउँदैन
जीवनीको सन्देश दिएर ।
हावा आएर छुँदैन
हल्लायर कुनै वृक्ष ।
सन्याक्-सुरूक् चल्दैन
कुनै जीव पनि निद्रामा ।
मृत्यु समेत मौन छ,
मानो त्यसको जीवनी सुकेझैं ।
म आत्तिएर खोज्दछु
यस वेला कुनै मानिसलाई ।
जो आएर दैवा देओस्
यस भयङ्कर सूनसानमा ।

म चाहन्छु एउटा मुटु
जो मसँगै चलोस् बिरतारै ।
या टाढाबाट गाओस् कसैले,
वंशी फुकेर सूनसानमा ।
या मेरो नजिकै कोही आओस्,
छाँया भई सुमसुम्याउन.......
यो सूनसान निर्जनतामा ।

:: २ ::

:: त्यो दिन कहिले आउला ::

निधक्क भई गाउने त्यो दिन कहिले आउला !
यो घाँटीमा मीठो सुरले बास कहिले पाउला !
चारैतिर मसान छ, चित्कार कोलाहल,
नैराश्य हुरी आएर आशा-दीप निभ्दछ ।
ओइलाएका रूपहरूले मलाई आएर केर्दछन्
रन्थनिएर पछारिएका आँखाहरूले लखेट्दछन् ।
'कसको भरमा बाचूँ' भन्दै माथि आकाश हेरेको
त्यो आँखा टल्बलाउँदै फेरि आफूलाई निहारिरहेको ।
कुनै आँखा लट्ठिएर मृत्युको छाँयामनि छिप्नछ,
कुनै आँखा डराएर जीबनीलाई बलले च्याप्नछ ।
आँखै-आँखा चारैतिर भोक र पीडाका प्रतिबिम्बझैं
'के हो ?' भन्दै छटपटाएर आत्तिएकाझैं निरन्तर ।
मेरो अघि-पछि सबै आउँछन् झुम्मिएर पछ्याएर
'के भनूँ ?' यी आँखालाई कुन् शान्त्वनाको स्वरमा ।
त्यो दिन कहिले आउला, यिनलाई म सम्झाउन सकूँ !
त्यो दिन कहिले आउला, निर्धक्क भई म गाउन सकूँ !

:: ३ ::

*:: यो मेरो उत्तरदायित्व ::*

यो मेरो उत्तरदायित्व !
रगतको टाटो लागेको
धरतीको कुनै घाउमा
पुरिन्न कसैको चेष्टाले भने,
यो वाहु निरर्थक भएर झर्दछ
पुस्तौनी नासो—ज्ञान
तुहिएर कुहिन्छ ।
मृत्युले नमार्दै जितदछ—
मनुष्यलाई कुनै युद्धमा ।
यहाँ ईश्वरले हस्तक्षेप गर्दैन,
ईश्वर निर्जीव छ, लक्ष्यहीन ।
हामीले सृष्टि गरेको ईश्वर
मूक र मौन हुन्छ
हाम्रो योजना र लक्ष्य विना ।
यो मानिसको उत्तरदायित्व
यो मेरो उत्तरदायित्व ।

:: ४ ::

*:: कतिले आत्महत्या गरिसक्थे ::*

कतिले आत्महत्या गरिसक्थे,
नगर-नगरमा,
गल्ली-गल्लीमा
हरेक घरका दलिनहरूमा,

कतिले झुण्डिएर सृष्टिलाइ गिज्याई सक्थे ।
कतिले आत्महत्या गरिसक्थे ।
दुःखले जलेको मुटु लिएर,
पीडाले सडेको शरीर लिएर
अन्यायको तातो भीरले—
डामेको अन्धो आँखा लिएर
कतिले नमर्दै आफूलाई मारिसक्थे ।
कतिले आत्महत्या गरिसक्थे ।
जिउनु छ भनेर नै
कोही जिउँदैनन् यहाँ;
मृत्युसँग तर्सेर नै
कोही बाँच्तैनन् यहाँ ।
यहाँ कतै कतै सँधै पाइन्छ
आँसु पुछिदिने,
प्रेमको मीठो स्वरले,
टुटेको दिललाई साँचि दिने,
मायालु हात, मायालु आँखा ।
नत्र यो दुनियाँ मसान भइसक्थ्यो,
टुटेको दिलको, फुटेको मुटुको,
कसिङ्गरै कसिङ्गरको थुप्रोझैं ।
कतिले आत्महत्या गरिसक्थे ।

:: ५ ::

*:: मसँग कुनै वैभव छैन ::*

मसँग कुनै वैभव छैन,
खसो आँखालाई मोहित गर्ने;

मेरो नाङ्गो शरीरलाई मैले
झन नङ्ग्याउँदै बुझन खोजें—
यसको तत्व, यसको महत्ता।
मसँग कुनै वैभव छैन,
सीमा-बद्ध ज्ञानको थुप्रो बाहेक—
सम्झना छ, हारै हारको,
अशान्तोष र अतृप्तीको।
सपनाको साङ्घ्रो पथमा,
कसरी आफूलाई डोऱ्याउँदै हिंडे,
कसरी अट्टहासमा गिज्याउँदै
ब्रह्माण्डका परमाणुहरूले—
खिस्स्याए मलाई।
मसँग केही वैभव छैन,
मेरो अनवरत चेष्टाको कहानी बाहेक—
म कसरी खोज्दै छु—
म कसरी जोड्दै छु—
आफूलाई यस खोजको कथासँग।

:: ६ ::

: *कुनै निश्चितता छैन* :

कुनै निश्चितता छैन भनेर,
शंकामा आफूलाई राख्न खोज्दछु—
तर मलाई थाहा छ—
म यस पृथ्वीमा जन्मिनु पर्थ्यो, जन्मे।

जेसुकै आइपर्छ, बोक्नु पदिथ्यो, बोक ।
आकाशको शून्य रिक्ततामा
मलाई धानि राख्ने सामर्थ्य थिएन,
यसैले यहाँ आएँ ।
म रित्तो आकाशलाई किन हेरूँ ?
मलाई शंका छैन,
म यहाँ, यस अलमलमा
जन्मनु पर्थ्यो, जन्मे ।

# नेपाल छोरीको अन्तर्द्वन्द्व

विजयराज शर्मा

छाहारीमा बिसाई अतिशय गह्रुगो घाँसको भारितारी
हावामा नै मिलेरै लयभरि सुरिलो कण्ठले गीत गाई
चीसो पानी कुवाको पिउन मन भई सालको पात टिप्तै
लामो ती सास फेर्छिन् व्यथित हृदयले पातको खोचि गाँस्दै

बस्छिन् नेपाल छाया वरपिपलमनि मन्मनै भित्र गुन्छिन्
रून्मुन् मीठो कहानी मृदुपदध्वनिको कल्पनामा बहन्छिन्
बर्मा आसाम भाग्सुतिर अलमलिनेलाई सम्भेर रून्छिन्
आओ फर्को वनैमा वनचर चिडिया अश्रुडसँगीत गर्छिन् ।

हाम्रा भाई बहीनीहरू सब विधिनै निष्ठुरै छन् कि क्यारे
बैरिएका विदेशै किन यसरी सबै छोडि आफ्नो नि देशै
सम्झी कल्ती म आफ्ना भनि दिन दिनहुँ घाम छाया सहेर
पर्खेकी छू लगाई नजर टक उतै फर्किएलान् भनेर ।

के होला के म ठोकी अब त हृदयले भन्न सक्तिन केही
फर्केलान् या नफर्का घरजम सब यी बिर्सिएलान् भसक्कै
आए ठूला दशैं ती कति वुमि फिरि ती चाड कल्यान आए
फर्केनन् खै ति प्यारा अभ पनि त कुनै आश मेरो टुटाए

दैलो मेरो अँध्यारो निशिदिन मसँगै बन्द भै नै रहेछ
आशा कस्को मलाई अब छर ? विचरी खोलुँ खै दिक्क लाग्छ
निर्मोहीका रसिला मधुमय सपना भित्र नै अल्मलिन्छु
फर्कन्नन् खै ति प्यारा तर पनि म कहै ! आश मै सास राख्छु

उठ्छिन् काली निराशा सजल नयनले भन्दछिन् शैलपुत्री
फैलाई हात चारैतिर मृदु करूणा सिक्त बोली फुटाई
जाओ क ाति काली बग द्रुत गतिले दूधकोशी सहेली
बोलाईधौ सुसाई प्रियहरू सब ती लौन मेरो छ विन्ति ।

होला तिन्को रसीलो हृदयतिमह्रा देशको भित्रि माया
मेटीएको नहोला अझ पनि प्रहरी बुद्धको बोधछाया
हो नेपाली उज्यालो हृदय पटलमा प्रेमको ज्योति भर्ने
हा ! मेरो पापि माया प्रियकन नबनोस् प्रेमको प्राण हर्ने

होला कैल्यै हसीलो मिलन उदयको पंख खोलेर यार
झ्याट् झ्याट् गर्दै निराला पथ परिणयको प्रेमिको सम्झि प्यार
फर्केला के उषाको प्रथम प्रहारमा लालिमाभा नुहाई ?
भाले रातो मजाको ललित सिउरमा रारि टल्काई भारी ।

# जीवन

विश्वनाथ उप्रेती

उषा-किरणको राती टकमा
शीत-बिन्दुको हार।
बिचलतामा फुलिरहेकी
पुष्पित त्यो शृंगार।
देखें मैले विपिन लतामा
कौतुक चारु अपार।
लाली-उषाको एक पलामा
जीवनको सब सार।
निरवताको शीतल समिरण
बह्यो लरबर पारी शीत।
लग्यो उडाई मीठो मगमग
व्यापकतामा प्रीत।
विहग-वृन्दको कलरव मीठो
मृग-सावकको नाच।
कुसुम परीको मादकतामा
अलिगणको उल्लास।
मधुको प्याला खोसी करमा
आई कसैले अर्क पियो!
मधुकरकी ती साभीवाला
सम्झनु मेरो भूल थियो!
सविता लागी सन्ध्यांटनमा

तिमिर बढ्यो गरी क्रन्दन ।
सपनासरीको क्षणिकतामा
आयो फेरि परिवर्तन ।
बच्चा फूल्यो रसिलो हँसिलो
पूर्ण घटाझैं चारु यौवन ।
फेरि यौवन शिथिल भएपछि
होला कस्तो परिवर्तन ।
तुच्छ जीवनको तुच्छ निशाना
कैयन यस्तै चक्र घुमे ।
स्वप्न जगत्को बाजी खेल्दा
कस्ले हार्‍यो कस्ले जित्यो ।

# गाइरहेछु म गीत कसको ?

शंकरबहादुर के० सी०

अँध्यारो रातमा बिउँभी एक्लै गाइरहेछु म गीत कसको ?
मिलन-आशाको बत्ती बाली खोजिरहेछु मूर्त्ति म कसको ?
हृदयको मेघ गर्जिरहेछ, नयनको धारा बर्सिरहेछ ।
रूजी-रुजी यो रातमा गाइरहेछु गीत म कसको ?
बिपनाको आशा सपनाको होसमा,
के पाउन जागाराम बसिरहेछु यो भयानक रातमा ?
दुःखी आफ्नो दुःखलाई भुली निदको सपनामा,
कैयौं बाधा र पीडा बिर्सि मगनमस्त भई स्वर्गको सपना देख्ने बेलामा ?

अँध्यारो रातमा बिउँभी एक्लै गाइरहेछु गीत म कसको ?
मिलन-आशाको बत्ती बाली खोजिरहेछु मूर्त्ति म कसको ?
घायल वियोगीले आश्रय नपाएभैं यो शून्सान डगरमा,
व्यथित हृदयले वेदनाको गीत गाएभैं
गाइरहेछु गीत म कसको सम्भनामा ?
आँधी चलिरहेछ बास बसेका चराचुरुङ्गी तितर-बितर हुँदै
यता र उति भागिरहेछन् भररभुरर उड्दै
तरङ्गमय तर्कनामा गरी प्रतीक्षा गाइरहेछु गीत म कसको ?

अँध्यारो रातमा बिउँभी एक्लै गाइरहेछु गीत म कसको ?
मिलन-आशाको बत्ती बाली खोजिरहेछु मूर्त्ति म कसको ?
शान्तिको तडपनमा व्याकुलमय सुस्केरा हाल्दै
कल्पनामय लहरमा, के पाउन म मरी-मरी बाँचिरहेछु यहाँ म जिउँदै ?
अँध्यारो रातमा बिउँभी एक्लै गाइरहेछु गीत म कसको ?
मिलन-आशाको बत्ती बाली खोजिरहेछु मूर्त्ति म कसको ?

# चाँद तिमी कसको ?

श्रीमती शान्ति राणा

चाँद तिमी कसको ?
दुःखी या सुखी को ?
सुखी हेर्छन् तिमीलाई हाँसी हाँसी,
दुःखी हेर्छन् आँशु बहाई ।
हाँसो दिन्छौ तिमी हाँस्नेलाई,
दुःखीलाई तिमी रोदन ।
चांद तिमी कसको ?
सुखी भन्छन् आहा ! कति प्यारो !
दुःखी भन्छन् चकोरीको नै प्यारो ।
भन मलाई तिमी कसको ?
दुःखीको या सुखीको ?
चाँद तिमी कसको ?
सुखीलाई तिमी दिन्छौ शीतल-शान्ति,
दुःखीलाई किन दिन्छौ अग्निको क्रान्ति ।
तिमी बन्यौ हाय ! आज किन ······
तुच्छ मानिसकै खुसामदी ?
चाँद तिमी कसको ?
सुख दिन्छौ तिमी सुखी लाई नै,
दुःख मात्रै किन दुःखीलाई ?
देखिन्छ तिमीमा धर्मको त्रुटी;

न्याय तिमीदेखि पर देखिन्छ
चांद तिमी करको ?
हौ तिमी सबका मामा,
दुःखीको पनि सुखीको पनि
हौं हामी सब तिम्रै भान्जा भान्जी,
फेरि भयौ तिमी किन पक्षपाती ?
चाँद तिमी करको ?
दुःखीको या सुखीको ?

# पन्छी लाई

## कुमारी शारदा प्रेमी

ए, नील गगनमा उड्ने पन्छी ?
तँ जा, माथि माथि जा, !
बन्धन मुक्त स्वतन्त्र भई तँ जा।
तँ आफ्नो बाहु फरफर फिजाउँदै तँ जा।
ए, नील गगनमा उड्ने पन्छी !
तँ जा, माथि माथि तँ जा !
तँ त्यहाँ पुग्,
जहाँ नील गगन अभ्र गाडा होला,
जहाँ तेरो अन्तर फुर्ला,
त्यहीँ नै तँलाई शान्ति मिल्ला।
ए, नील गगनमा उड्ने पन्छी !
तँ जा, माथि माथि तँ जा !

## केही कविताहरू

श्यामदास

:: १ ::

: नयाँ सडकको पेटीमा :

नयां सडकको पेटीमा
एक्लै उभिई, नजर डुलाई
खोजिरहेछु म साथीलाई ।
मेरो सामु गतिमान बन्दै
समय दृश्यमा गुज्रिरहेछ
विभिन्न रूप र झलक खुलाई
ओहर-दोहर चलिरहेछ ।
तर यी सबबीच आधार नपाई
नयां सडकको पेटीमा
एक्लै उभिई नजर डुलाई
खोजिरहेछु म साथी लाई ।
मोटर गुड्दछ मानिस हिंड्छन्
बेच्ने बेच्छन्, किन्ने किन्छन्
परिचितहरू हाँस्दै हिंड्छन्
जोडाजोडी देखापर्छन् ।
तर यी सब बीच कतै सत्कार नपाई
नयाँ सडकको पेटीमा
एक्ले उभिई नजर डुलाई
खोजिरहेछु म साथीलाई ।

म चाहन्छु निरूद्देश्यतामा मेरो
उद्देश्य लिंदै कोही आओस् ।
तर सबका सबमा कतै आधार नपाई
नयाँ सडकको पेटीमा
एक्लै उभिई नजर डुलाई
खोजिरहेछु म साथीलाई ।

:: २ ::

*:: ध्येय मरेको छैन ::*

परिस्थितिसँग लड्दा-भिड्दा
चोट अनेकौं लाग्यो होला
वैरीहरूसँग रहँदा बस्दा
हिलो र मैलो लाग्यो होला !

तर हिली र चोट हुँदैमा
नसम्झ हार भयो यसको
किनकि फोहर बाँकी नै छ
फूल फुलेको छैन ।

सर्दी-गर्मी-वर्षामा हिंड्दा डुल्दा
शिथिल भयो होला तन मेरो
अनेन झंझट बोकी हिंड्दा
खिन्न भयो होला मन मेरो

तर तन-मन खिन्न हुँदैमा
नसम्झ अन्त भयो यसको
किनकि फार्न अँधेरो बाँकी नै छ
दिन उदेको छैन

हो, ध्येय मरेको छैन
सबै खराबी नाशी हेर्ने
सुन्दर दुनियाँ गर्ने
भविष्य अझ उम्रेको छैन

तर होश, हौसला, हिम्मत
बाटो खोजी हिंड्दै नै छ
विजय गरेको छैन ।
ध्येय मरेको छैन ।

: २ :

: भविष्य सोध्छौ ? :

अन्धकारतिर देखाई
अनन्ततिर औंल्याई
सोध्छौ भविष्य कतातिर छ भनी !
म के भनूँ साथी,
मेरो समझ अगाडि ता
केवल ती बालकहरू नै छन्
जो पुस्तक काखी च्यापी

पढ्न कतैतिर गइरहेछन् ।
खँडहरतिर देखाई,
विभत्स रूप जताई,
सोध्छौ भविष्य कतातिर छ भनी ?
म के भनूँ साथी,
मेरो समझ अगाडि ता
केवल ती युवाहरू छन्
जो उत्साह लिई मनमा
हाँस्दै तड्किरहेछन् ।
हात अगाडि फैलाई
रेखाहरू देखाई
सोध्छौ भविष्य कतातिर छ भनी ?
म के भनूँ साथी,
मेरो ध्यान अगाडि ता
केवल ती श्रमिकहरू छन् ( पछाडि )
जो आफनो मिहिनेत लगाई
फोडी पत्थर हेर्छन् ।
धूर्त र स्वार्थीहरू देखाई
दासहरूको कथा सुनाई
सोध्छौ भविष्य कतातिर छ भनी ?
म के भनूँ साथी...
मेरो स्मरण अगाडि ता
केवल शहीदहरू ती छन्
जसले आफनो जीवन त्यागी
सबकोलागि रक्त दिए ।
सुन, म भन्दछु......

यदि कतै भविष्य लुकेको छ भने,
छैन दिशा या दृश्य कतै पनि !
बालकको विश्वास र आशामा
तन्हेरीको उत्साह र अभिलाषामा
श्रमिकहरूको श्रममा छ ।
भविष्य जीवन-क्रममा छ ।

: ४ :

*: को भन्न सक्छ ! :*

को भन्न सक्छ कि यहाँ
सूर्य उदाएनन्
आँखा खोली निद्राको
मान्छिसलाई जगाएनन् !
तर को भन्न सक्छ कि यहाँ
म पनि त्यूँ झैं बढ्न सकें !

को भन्न सक्छ कि यहाँ
वसन्त आएन
सारा दुनियाँ झकमक पारी
फूल फुलाएन !
तरको भन्न सक्छ कि यहाँ,
फूल टिपें
सबको सुखको गाना गाई
माला गाँस्न सकें !
अनि को भन्न सक्छ कि यहाँ

परिवर्तन आएन
दिन–दिनको पाना बद्ली
मौकाले बोलाएन ।
तर को भन्न सक्छ कि यहाँ
इतिहासको पानामा
सृजनाको रेखा कोर्न सकें !
धेरै मौका बहार आयो ।
कति प्रभातले ब्यूँझायो !
महापुरुष कति जन्मे, आए
कति वसन्तले बोलायो ।
तर को भन्न सक्छ कि यहाँ
जीर्णशीर्णता फारी मैले
युगको पर्दा फेर्न सकें !

## सपना तिम्रो विपना बनोस्

कुमारी सावित्रीसिंह

स्वप्न तिम्रो साकार बनोस्,
जीवन बनोस् मधुर,
हृदयान्तरको जलन मिटाई
छर्न सकूँ अमर पीयूष ।

सूप्त आकांक्षा नाची उठोस्,
हृदय रहोस् सधैं विभोर,
प्यारको प्राण वायु बहोस्,
विश्व बनोस् अति मधुर ।

नित्य तिमीलाई हँसाऊँ जीवनमा,
यही एउटा ध्येय रहोस्,
अतीतको दुःखमा,
नया हाम्रो भविष्य बनोस्,

शरद-ज्योस्नाझैं जीवन हाम्रो,
नित्य रहोस् प्रकाशमान,
चन्द्र र किरणझैं साथ हाम्रो,
नछुटिरहोस् एक समान ।

बनी सहारा जीवन पथमा,
निर्भय म बढ्न सकूँ,
डगमग पाउको शक्ति बनी,
विघ्न अघि हाल्न सकूँ ।

सपना तिम्रो विपना बनोस्,
ज्ञान नपरोस् जगदेखि दूर,
अभिलाषा जीवनको पूर्ण बनोस्,
उमंग उरको नाचोस् बनी मृदुल ।

## सम्झना

सुन्दरप्रसाद शाह दुःखी

: १ :

शैशवकालको हाम्रो प्रणय,
मेल, झगडा —अनि झगडा मेल;
आँशु, हाँसोको अन्तर्द्वन्द्व !
वसन्त-आँचलमा कोकिल बन्दै···
फूलबारीमा विचरण गर्दै
तिम्रो हृदयको सन्दूसमा
मेरो कामना गाँठो पारेर···
सुरक्षित गर्न राखिदिएको
अझै सम्झिदै छु !!

: २ :

एक दिनको कुरा !
अझ मेरो हृदयमा हरियै छ;
साँझ थियो···
काग वासमा कुर्लिरहेथ्यो ··
तिमी वनदेवीको मन्दिरमा
फूल लिएर गइरहेथ्यौ;—
तिम्रो आग्रहले म पनि मन्दिरमा गएँ !!
—दुइ जोर कलिला हात जोर्दै—

दम्पति बन्ने वन्दना गरेको—
अझै म सम्झिदै छु !!!

:: ३ ::

त्यही वेलाको कुरा ?—
तिमी भक्तिमा लवलीन भएर
देवीसँग वर मागिरहिथ्यौ
तिम्रो शरीर पुलकित हुँदै—
म्याग्नेशियमझैं घप्प बलेथ्यो—
मैले जगत कालो देखें, अन्धो भएँ;—
दृश्य-शक्ति···स्वयमा परिणत भयो···
'टाङ-टाङ ! टिङ टिङ !' घण्ट बजेको
अस्पष्ट स्वरले मलाई घच्घच्याएको

:: ४ ::

अझै म सम्झिदै छु !!!
त्यही वेलाको कुरा !—
मैले तिम्रो सौन्दर्य देख्न नसक्त।······
हृदयका तारले मनमा घोचिरहेथ्यो, पागल बनाउन,
नशाहरूले अनुसन्धान गरिरहेथे तिम्रो चित्र···
जो धमिलिएको थियो, पूर्व संग्रहित थियो कता हृदय पटमा।
तत्कालमा नै हृदयले तस्वीरको छाल फ्याक्न नसक्द।····
मेरो शरीरका सारा छिद्रहरूमा सीयो पसेर······
मुसल बनेको अनुभव हुन्थ्यो !···
अझै म सम्झिदै छु !!

:: ५ ::

आँखा हराएको पीरमा हो वा...!
प्रेमले पागल भएर हो !!--
मैले निर्घातसँग कराइ दिएछु---
तिम्रो नाम प्रेमको कुचोले बुट्टा भर्दै,
अन तिमी आत्तिएर हात समातेको...
'आँ' गरिरहेको मुखमा हातले बीर्को लगाएको ..
अनि, आँखामा हात लगेर 'हेर !' भन्दै
चेतनशील दृष्टि जडिदिकी...,
अझै म सम्झिडै छु !!

:: ६ ::

जवानीको प्रथम सोपानमा पुग्दा,
मैले तिम्रो सम्पूर्ण सौन्दर्यहरूको
कण-कण आफ्नो-पान-बट्टा-हृदयमा...
भू-आकर्षण शक्तिले दुहेझैं दुहेको थिएँ...!
अनि त्यसैलाई मसी बनाएर ..
चेतनाको कलममा भरेको थिएँ..
जीवनको कन्चन कागजमा
सकी नसकी 'प्रेम' लेखेथें
अझै म सम्झिदै छु !!

:: ७ ::

एवंरीतले हृदयमा जागृति निद्रा बाहेक
अर्कै चीजले शासन जमाइरहेथ्यो...

जसको नाम म जान्दिन--विश्व जान्दैन, मान्दैन (!)
फाँटमा स्यालले आँखाबाट अग्नि झिकी कराएथ्यो
अनि तिमी झस्कियौ—म पनि !
दुवैले डर ओकल्यौं—आफनै सामुन्ने;
अनि रित्तो भएको हृदयमा प्रेम भर्दै घर फर्कियौं ...
त्यो रातमा तिमी र मलाई निद्रा नपरेको ......
अझै म सम्झिदै छु !!

:: ८ ::

हाय ! तिमी कहाँ छौ ? म कहाँ ?
दक्षीणी ध्रुव र उत्तरी ध्रूव जस्तै !
ती सपना विपनाहरू कहाँ लुके (!!) ..
कहाँ बिलाए ती सारा प्रेम-कथा ?
कसको मुष्टिमा बाँधिएकीछौ ?...
या कसको प्रेमले रङ्गिएकी तिमी !
तिम्रो तस्वीर अझै झफल्किरहेछ स्मृतिपटमा .. ..
चाहे तिमी सम्झ या नसम्झ ..
अझै मसम्झिदै छु !!

:: ९ ::

परिस्थितिको हूरीको बेगले
तिमीलाई कहाँ बडारेर लग्यो...
म त आफनै स्थानमा कोलागडिरहेछु
बराबर मन्दिरमा जान्छु ......
तिमीलाई सम्झी, सम्झी, कल्पी कल्पी, रोइरहन्छु,

जहलि तिमी र म, मेरो र तिम्रो·······
परस्पर सपना देख्दथ्यौं ।
सपनाका मालहरू विपनामा दर्बिलो गरेर गास्दथ्यौं ।
चाहे तिमी सम्झ या नसम्झ !
अझै म सम्झिदै छु !!

:: १० ::

ती कल कल सरिता, उषाको लालिमा,
मैले तिमीले रोपेका चखत्रका रूखहरू,
त्यो हावा जहाँ तिमी खेल्दथ्यौ,
त्यो मसीनो माया जहाँ तिमी रम्दथ्यौ;
त्यो मन्दिर, ती वनदेवी,
यो मेरो साँहिली औलाको औंठी···
सबले तिम्रो कथा भनिरहेका छन !
तिमी बुझ या नबुझ !
अझै म सम्झिदै छु !!

:: ११ ::

ओ भावनाको फोका !
तिमीले मेरो हृदयको रिस्ता बनाई ······
छोडेथ्यौ वाण त्यसैले म घायल छु !
चैन र शान्ति हराई हृदयमा उदासीनताको मुश्लो उठिरहेको छ !
वारूली लागेको वेलामा मेरो एक वार विचार गर !!
म तिम्रै दर्शनमा पर्खिरहेको छु;
तिम्रै प्यारको वर्षादी ओडिरहेको छुँ घाम-पानीबाट बच्न
तिमी बिर्स या नबिर्स !
अझै म सम्झिदै छु !!!

# तीन कविता

सुरेन्द्र मल्ल

:: १ ::

बादल-बिजुलीको चुम्बनले
अश्रु वर्षा भयो ।
कति बेरदेखि शशिलाई
पर्खिरहेको सूर्यले
भेट्न नपाउँदै डुब्नु पर्‍यो ।
माटो पत्थरको आलिङ्गनलाई
छुट्यायो भेलले ।
चकनाचूर भयो
आशा पुतलीको,
बत्ती एक्लै बलिरह्यो ।
अनि प्यार कसरी ?

:: २ ::

जुनेली रात नहोस्
सुन्दर प्रकृति नहोस्
यी दुवैको मिलनमा
झ्याँउकिरीले आफ्नो बाजा नबजाओस्
नदीले नाच्न छोडोस

यही हो क्रान्तिकारी परिवर्तन ?
आनन्द सबलाई अनिवार्य छ ।

:: ३ ::

तारा फकाउँथिन् इशाराले
बादलबाट चियाउँथिन्
चन्द्र लाजले,
रजनी रीसले बोलिन्
इशारा, चियाइ, रीस,
मलाई किन ?
म कसैको प्यारमा
भुल्न चाहन्थें !

: *यो के भएको ?* :

कति दिनको लुकेको भावनाले
हामीलाई ल्यायो एकै ठाउँ
तैपनि हिम्मत भएन हाम्रो
गर्न भावनाको भण्डाफोर
भित्र देखि कुत्कुत्याइरहेको
थाम्न नसकी भावना-बोझ
थापी प्रेम भक्तिको भावना-झोली
मैले नै बिसाइ दिएँ
त्यो भारी बोझ
मधुर प्यार चुहाएर
तिनले बोलिन् ....

आफैंलाई दान दिउँ कसरी ?
यो के भएको ?

: अथवा :

तिमिरमा बादलले
परिक्रमा गऱ्यो स्वयम्भूको
नानारूपले स्तुति गर्दै
अश्रुधारा बगायो ।
अथवा·········
बादललाई वाहन बनाई
बुद्ध किन स्वर्गतिर उड्यो ?
अवश्य नै भगवानहरूसित
बुद्धको झगडा भयो ।

: शायद तिनी नै थिइन् :

कसैले मेरो केसमा खेलिरहिन्
कति पल्ट चुम्बन लिईन्
खास्टो पनि पन्छाईदिइन्
म आनन्दको सागरमा चुर्लुम्म भएँ
मलाई उठ्न मन लागेन
सूर्यको प्रवेशले
शायद तिनी लाज मानिन्
तिनको स्पर्श, चुम्बन, चन्चलपन
बन्द भयो

[ प्रगति

म झुल्क्क उठें
तर तिनलाई पाइँन
मनमनै भने
अघि नै किन उठिन ?
झट्ट देखें ......
पर रूखमा पत्तारूपी केशले
आफ्नो मुख छोपी झ्वाम्म झ्वाम्म झुमिरहेकी हाँथा
शायद तिनी नै थिईन्
मैले सूर्यलाई नमस्कार गर्दै भने
कसैलाई नभन ।

## सम्पादकीय—

वर्तमान युगको यथार्थवादी दृष्टिकोणले काव्यलाई विविध र विभिन्न रूपबाट अभिव्यक्त गर्दै आएको छ। जन-समाजतिरको दिन दुगुना र रात चौगुनाको रफ्तारले बढ्दो हाम्रो रुचि र समाज-शास्त्र, नृतत्व-शास्त्र जस्ता वर्तमान युगका आदि विभिन्न ज्ञानका शाखाहरूले हामीलाई लोक-साहित्यको सम्पर्कमा ल्याइ दियो। लोक-साहित्यसँगको हाम्रो यो सम्पर्कले हामीले त्यसबाट काव्यरूप पदावली, त्यसको सहजता आदिलाई पनि ग्रहण गर्‍यौं। आजको यथार्थको यस प्रतिष्ठाले एकातिर व्यक्तिको अन्तरमनलाई खोलेर सम्मुख उपस्थित गरिदिएको छ, अर्कोतिर व्यक्ति र समाजका बीचको नाना प्रकारको सम्बन्ध र समाजको विभिन्न स्थितिहरूलाई हाम्रो अगाडि उपस्थित गरिदिएको छ। परिणाम यो भयो कि यसबाट यस युगको काव्यले कुनै पनि भाव, भावनालाई, अनुभूतिलाई अनिवार्यतः काव्य सिर्जनाका लागि उपयुक्त र उचित अथवा अनुपयुक्त र अनुचित मान्नलाई साहसपूर्वक अस्वीकार गरिदिएको छ।

यस युगीन काव्यजगत्‌का विषय-वस्तुको चयन सीमाहीन-अनन्त, हुन गयो। 'औचित्य-अनौचित्य' को शास्त्रीय भेद यहाँ छैन। क्षुद्रभन्दा पनि क्षुद्र वस्तुलाई यथार्थवादी युगको कविले आफ्नो काव्यमा प्रतिष्ठा गरेको छ। यति मात्र होइन,—विश्वका कतिपय विकसित साहित्यमा—काव्यमा देख्दै आएका छौं कि मनको अनिश्चितता—अस्थिरता पनि काव्यको विषय हुँदै आएको छ, परिस्थिति अनुसार प्रतिपल रूपान्तरित भइरहने मनुष्यको विभिन्न मूडहरूलाई पनि तीव्र अनुभूतिजन्य सूक्ष्मताका साथ अभिव्यक्ति प्रदान गरिन थालेको छ। साँच्चै भनौं भने वर्तमान काव्यका लागि अग्राह्य केही पनि छैन। मामुली भन्दा मामुली र काव्यको सिद्धान्त र शास्त्रले 'अनौचित्य' भन्ने—'नव रस' मा खरो नउत्रिने, सामाजिक दृष्टिबाट, नैतिक दृष्टिबाट, धार्मिक आदि दृष्टिबाट 'नहुने' मानिआएका विषयहरू माथि अत्यन्त गम्भीर र राम्रा कविता सिर्जना भएका

हामी पाउँदछौं। मतलब यो कि वर्तमान युगमा काव्यका विषयहरू जीवनको संकीर्ण र काव्य-शास्त्रले सूची तयार पारेका विषयको मात्र नलिई दैनन्दिन जीवनको सम्पूर्ण अनुभवकोषका, चाहे त्यो तुच्छ भन्दा पनि तुच्छ र निम्न भन्दा पनि निम्न किन नहोस्, सम्पूर्ण अनुभूति ग्राह्य भएको छ। यस तथ्यले हाम्रो सम्पूर्ण कल्पना विधान र संघटनको रूपलाई बदलिदिएको छ। काव्यका विषय-वस्तुको व्यापक प्रचारले गर्दा आजको कवि नवीन संवेदनाहरू संग दिन पर दिन परिचित हुँदै आएको छ र विस्तारपूर्वक परिचित हुने अझै प्रयत्न गर्दै जानेछ। यस युगको काव्यले जीवनको सम्पूर्ण अङ्गलाई स्पर्श गर्दै गइ रहेको छ। अस्तु।

उपर्युक्त दृष्टिकोणदेखि नेपालका वर्तमान नवीन कविसमुदाय पनि अलग्ग भएर बसेको छैन। नवीन प्रेरणा र नयाँ उत्साहले जीवनका विविध प्रकारको अनुभूतिलाई काव्यको रूप दिने प्रयत्न भइरहेको छ, जसको एक नमूना स्वरूप प्रगतिको यो अङ्क उपस्थित छ। यसमा संकलित भएका केही लेखक सर्वथा नवीन छन् र सर्वप्रथम उनका कृतिको प्रकाशन भइ रहेको छ। यस्ता नवीन लेखकका कृतिहरूमा काव्यका रूपविधान सम्बन्धी गुणको अभावले मात्र तिनलाई त्याज्य मान्न सकिन्न। विषयको नवीनता र आत्मानुभूतिको तीव्र संवेदना पनि ठूलो कुरा हो। परिष्कृति र परिपक्वता त कविको आत्मानुभूतिको तीव्रतालाई अभिव्यक्त गर्ने सक्ने सामर्थ्य एवं उसको लगन, मनन, चिन्तन र अध्ययनमा निर्भर गर्दछ।

—नारायण बाँसकोटा



मुद्रक—विश्वनाथप्रसाद (भगतजी) श्रीराम प्रेस, बुलानाला, बाराणसी।

नरेन्द्र यन्त्रालय काशी